का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ वैशाख २०७९, आइतबार
24 April 2022, Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक ७८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नबदलिएको आफन्त मोह

वंशले शासन गर्ने व्यवस्था ढलेर आएको संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि नेताहरुले आफन्त मोह त्यागेका छैनन् । राजतन्त्र र राणा शासनमा झैं उत्तराधिकारी र आफन्तलाई अवसर दिने प्रवृत्ति कायमै राखेको देखिन्छ ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० वैशाख ।

८ बैशाख २०७८ नेपाली कांग्रेसको काठमाडौं महानगर समितिले मेयरको उम्मेदवारका लागि पार्टीको वागमती प्रदेश समिति समक्ष पाँच जनाको नाम सिफारिस गऱ्यो । त्यस मध्ये एक हुन्- सिर्जना सिंह ।

सिंह कांग्रेस नेता प्रकाशमान सिंहकी पत्नी हुन् । पार्टीको गत महाधिवेशनमा सभापति उम्मेद्वार बनेका सिंहले दोस्रो चरणमा शेरबहादुर देउवालाई समर्थन गरेका थिए । उनै प्रकाशमानले पत्नीलाई काठमाडौंको मेयरमा सिफारिस गरेपछि प्रधानमन्त्री एवं पार्टी सभापति देउवा दवावमा छन् । 'सिर्जनालाई टिकट नदिए प्रकाशमान रिसाउँछन्' भनेर स्वम् देउवाले भनेको कांग्रेसका अन्य नेताहरु बताउँछन् ।

यो त एक उदाहरण मात्रै हो । क्षमता भएर पनि श्रीमान श्रीमती दुबै राजनीतिमा जमेका छन् । दाजुभाई, बाबुछोरा/छोरी पनि जमेमा छन् । तर, नातावादकै कारण बढी अवसर लिने र पार्टीमा लामो समय खटिएका कार्यकर्ता पछि परेका उदाहरण पनि प्रशस्तै छन् । सिर्जना सिंह प्रकाशमानकी पत्नी मात्र नभइ राजनीतिक पृष्ठभूमि भने लामो भएकी नेतृ हुन् । ०३२ सालमा कांग्रेसको क्रियाशील सदस्यता लिएकी उनी ०३६ सालमा काँग्रेस प्रतिबन्धित हुँदा गोरखा नेपाल महिला संघ बहुदल प्रचार-प्रसार समितिको संयोजक थिइन् ।

०३६ सालदेखि ३८ सालसम्म नेविसंघको क्याम्पस इकाई सभापति भएकी उनले शंकरदेव क्याम्पसको स्ववियु निर्वाचनमा वर्तमान उर्जामन्त्री पम्फा भुसाललाई कोषाध्यक्षमा हराएकी थिइन् । ०४२ सालमा प्रकाशमानसँग बिहे गरेपछि उनी राजनीतिबाट निष्क्रिय जस्तै थिइन् । यो पटक काठमाडौंको मेयरमा उनी लड्न तयार भएकी हुन् । तर, प्रकाशमानकै जोडबलमा सिर्जना सिंह मेयरमा उठ्न लागेकी कांग्रेसकै नेताहरु बताउँछन् ।

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले पत्नी जुलेखा खातुनलाई जगनाथपुर गाउँपालिको उपाध्यक्ष पदको उम्मेदवार बनाए । मुख्यमन्त्रीले पत्नीलाई अगाडि सारेपछि सोही गाउँपालिकाकी जसपा नेतृ बिसमिला खातनुले पार्टी नै छोडिन् । 'मुख्यमन्त्रीले श्रीमतीलाई उपाध्यक्ष पदको उम्मेदवार बनाएर सरकारी गाडी चढेर भोट माग्दै हिड्न थालेपछि जसपा छोड्नुपरेको हो' उनले

– बाँकी पृष्ठ २ मा

गठबन्धनको पक्षमा आयोगको निर्णय

# उम्मेदवारको मात्रै चुनाव चिन्ह

महानगरपालिकाको मतपत्रमा उम्मेदवारहरुको मात्रै चुनाव चिन्ह रहनेछ । अन्यत्र भने उम्मेदवार नभए पनि दलको चुनाव चिन्ह मतपत्रमा हुनेछ ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १० वैशाख ।

महानगरपालिका र अन्य पालिकाहरुको मतपत्र फरक-फरक हुने भएको छ । निर्वाचन आयोगका अनुसार ६ महानगरको मतपत्रमा उम्मेदवारको मात्रै चुनाव चिन्ह हुनेछ । तर, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकामा उम्मेदवार नभए पनि राजनीतिक दलको चुनाव चिन्ह मतपत्रमा रहनेछ ।

निर्वाचन आयोगका अनुसार, महानगरको मतपत्र उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मात्रै छापिनेछ । ३० वैशाखमा हुने चुनावका लागि १७ बैशाखमा उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गर्ने आयोगको कार्यतालिका छ । प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया भन्छन्, '६ महानगरपालिका र भक्तपुरका ४ नगरपालिकाका लागि उम्मेदवारको अन्तिम नामावली प्रकाशित भएपछि मात्रै मतपत्र छपाइ हुने निर्णय १ महिना अगाडि नै गरिएको हो ।'

उपमहानगर, नगरपालिका र गाउँपालिकाको लागि धमाधम मतपत्र छापाइ

– बाँकी पृष्ठ २ मा

## उम्मेदवारी दर्ता आज र भोलि

| | |
|---|---|
| ११ र १२ गते | - उम्मेदवारी दर्ता |
| १२ गते | - उम्मेदवारहरुको नामावलीको सूचि प्रकाशन |
| १३ गते | - दावी विरोध गर्ने समय |
| १४ र १५ गते | - दावीविरोध उपर जाँचबुझ |
| १६ गते | - उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन |
| १७ गते | - उम्मेदवारहरुलाई निर्वाचन चिन्ह प्रदान |
| १७ गतेदेखि २७ | - गतेसम्म चुनावी प्रचारप्रसार |
| २७ गते | - मध्य रातिबाट मौन अवधि लागू |
| ३० गते | - निर्वाचन |

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १० वैशाख ।

३० बैशाखको स्थानीय तहको चुनावका लागि आज उम्मेदवारी दर्ताको समय छ । आज बिहान १० बजेदेखि भोलि साँझ ५ बजेसम्मका उम्मेदवारी दर्ताको समय तोकिएको छ ।


स्थानीय तहमा धेरै संख्यामा

– बाँकी पृष्ठ २ मा

# एमालेले टुंग्यायो पाँच महानगरको उम्मेदवार

स्वतन्त्र उठ्न खोजेकालाई पार्टीको टिकट





**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १० वैशाख ।

नेकपा एमालेले काठमाडौंसहित पाँच वटा महानगरपालिकाको उम्मेदवार टुंगो लगाएको छ । शनिबार बसेको एमले सचिवालय बैठकले गरेको निर्णय अनुसार काठमाडौंको मेयरमा केशव स्थापित र उपमेयरमा सुनिता डंगोललाई उम्मेदवार तय भएका छन् ।

स्थापित २०५४ सालमा पनि काठमाडौं महानगरको मेयर थिए । तर, त्यसअघि उनी ०४३ र ०४८ सालमा काठमाडौं महानगरको मेयरमा पराजित भएका थिए । उनले काठमाडौंको मेयरमा पुनः टिकट पाएका छन् ।

उपमेयरकी उम्मेदवार सुनिता डंगोलले मेयरमा स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेकी थिइन् । मेयरमा स्वतन्त्र उठ्ने भनेर घोषणापत्र नै सार्वजनिक गरेकी डंगोललाई एमालेले उपमेयरको टिकट दिएको हो । उनी पूर्व मिस नेवा समेत हुन् ।

यसैगरी, एमालेले ललितपुर महानगरको मेयरमा हरिकृष्ण व्यञ्जनकार र उपमेयरमा मञ्जली शाक्य, पोखरा महानगरको मेयरमा दिपक पौडेल र उपमेयरमा मञ्जुदेवी गुरुङलाई उम्मेदवार बनाउने भएको छ ।

भरतपुर महानगरेको मेयरमा विजय सुवेदी र वीरगञ्जको मेयरमा विजय सारबगीलाई उम्मेदवार तय भएको छ । तर, दुबै महानगरको उमपेयरको उम्मेदवार तय भएको छैन् । एमालेले बिराटनगर महानगरपालिकाको मेयर र उपमेयरको उम्मेदवार भन तय गरिसकेको छैन् । यसैगरी, एमालेले ९ वटा उपमहानरको पनि

– बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारको समस्या झन् बढ्दै गयो : प्रगतिशील मञ्च

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० वैशाख

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले मलेसियाको रोजगारीको नाममा भएको स्वास्थ परीक्षण, कतार भिसा सेन्टर (क्यूभीसी) र वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीका समस्याका सम्बन्धमा वैदेशिक रोजगार विभागका महानिर्देशक शेष नारायण पौडेलको ध्यानाकर्षण गराएको छ ।

मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा शुक्रबार गएको मञ्च प्रतिनिधिमण्डलले वैदेशिक रोजगारका क्षेत्रमा लामो समयदेखि रहेका समस्याको समाधान नहुँदै नयाँ नयाँ समस्या देखापरेको भन्दै व्यवसाय सञ्चालनमा समस्या परेको बताएको छ ।

मञ्चले देशमा पर्याप्त रोजगारीको अवसर नभएको र विदेशी कम्पनीहरुमा आकर्षक पारिश्रमिकसहितको रोजगारीका अवसर प्राप्त भए पनि श्रम स्वीकृतिमा रहेको झन्झटिला प्रावधानले नेपालले वैदेशिक रोजगारीका लागि प्राप्त अवसर गुमाउने अवस्था उत्पन्न भएको विषयमासमेत महानिर्देशक पौडेलको ध्यानाकर्षण गराएको छ ।

मञ्चले विभाग र मातहत वैदेशिक रोजगार कार्यलयबाट सेवा दिइरहेको अनलाइन श्रम स्वीकृतिमा समस्या आएको र जसका कारण व्यवसायीले छिटो, छरितो रूपमा काम गर्न नपाएको भन्दै सुधारको माग गरेको छ । अनलाइनमार्फत पूर्वस्वीकृतिका लागि पेश भएका फाईलमा एक हप्तासम्म पनि काम नभएको मञ्चले बताएको छ ।

त्यसैगरी मञ्चले मलेसिया कामदार पठाउने कार्य सुचारु हुनासाथ मलेसिया जाने कामदारको स्वास्थ परीक्षण गर्ने स्वास्थ्य संस्थाहरुले बिना कारण ठूलो संख्यामा कामदारको स्वास्थ्य परीक्षण गरी प्रणालीमा अनलाइन नगरिदिने, नतिजाको लागि १५ दिनसम्म कुर्नुपर्ने जस्ता कारणले वैदेशिक रोजगारमा जाने सेवाग्राहीले अधिक सास्ती र आर्थिक भार खेप्नु परेको बताएको छ ।

कतारमा कामदार पठाउनका लागि गरिने सम्पूर्ण प्रक्रिया पूरा गर्ने कामको जिम्मेवारी पाएको कतार भिसा सेन्टर (क्यूभीसी)ले पछिल्लो समय आफ्नो सेवामा अपारदर्शी ढंगको ढिलासुस्ती देखाएको भन्दै मञ्चले त्यसको कारण श्रमिकहरुले भिसा प्रक्रियामा सास्ती भोगिरहनु परेको गुनासो गरेको छ । क्यूभीसीले केही दिनयता प्राविधिक समस्या आएको भन्दै दुरदराजबाट आएका कामदारलाई पछि सम्पर्क गर्न भन्दै फिर्ता पठाएको मञ्चले दाबी गरेको छ । समस्याको समाधानका लागि कूटनीतिक माध्यमद्वारा कतार सरकारसँग छलफल गरी यथाशीघ्र समाधानको पहल गरिदिन मञ्चले विभागका महानिर्देशक पौडेलसमक्ष माग गरेको छ ।

मञ्चले नेपालको अर्थतन्त्र चलायमान बनाउनका साथै कुल ग्राहस्थ उत्पादनको २९ प्रतिशत हिस्सा ओगटेको र वार्षिक करिब ८ खर्ब रेमिट्यान्स भित्र्याउन महत्वपूर्ण भूमिका खेलेको वैदेशिक रोजगार क्षेत्रलाई समस्याको अवस्थामा राखे गरिबी निवारण, आधुनिक

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसियामा Seiko घडीको पार्टस् बन्ने कम्पनीमा रोजगारको अवसर

कम्पनी : INSTRUMENTS TECHNOLOGY (JOHOR) SDN.BHD (SII) शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०१/०९ चलानी नं.: ६०१७८२६४ LT. No.: 261947

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 40 | 110 | स. काममा दक्ष | 1200 | ३३,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १९ गते (2 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



# सम्पादक श्रेष्ठ सम्मानित

**काठमाडौं/मस-** मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदनकुमार श्रेष्ठ सम्मानित भएका छन् । बोस्टर मिडिया प्रा.लि.द्वारा प्रकाशित अनलाइन पोर्टल राष्ट्रिय खवर डटकमले आफ्नो स्थापनाको नवौं वार्षिक उत्सवको अवसर पारेर बालुवाटारस्थित नेपाल हाउसमा आयोजना गरेको कार्यक्रममा सम्पादक श्रेष्ठलाई विगत लामो समयदेखि निष्ठा र समर्पणका साथ नेपाली पत्रकारिता क्षेत्रमा क्रियाशील रहेको भन्दै सम्मान पत्रसहित सम्मान गरिएको हो ।



कार्यक्रममा शिक्षासेवी रिंकु ढकाल, महिला उद्यमी एवं समाजसेवी मञ्जु सिंह, वरिष्ठ समाजसेवी साकिला पाठक, मिडियाकर्मी दिलमाया तामाङ, राजनीतिकर्मी तथा युवा व्यवसायी एवं नेपाल तामाङ घेदुङ संघका रामकृष्ण ब्लोन र युवा पत्रकार डि. बी. पराजुलीलाई पनि सम्मान गरिएको थियो ।

पूर्व अर्थमन्त्री डा. रामशरण महतको प्रमुख आतिथ्यता तथा बोस्टर मिडियाका अध्यक्ष मुकुन्द ढुंगानाको अध्यक्षतामा भएको कार्यक्रममा विशेष अतिथिको रुपमा पूर्व सांसद तथा बोस्टर मिडियाका सल्लाहकार गीता राणा, सल्लाहकार भवानी प्रसाद पौडेल, फ्रेण्डसीप अस्पतालका अध्यक्ष दिपक अधिकारी, सल्लाहकार सकिला पाठक, युवा व्यवसायी हंकल्पित न्यौपाने, अपेनका केन्द्रीय सदस्य कमला अधिकारी ढकाल, बोस्टर मिडियाका सल्लाहकार सिता थापा भट्टराई, किवानिस क्लव अफ कान्तिपुरका अध्यक्ष एवं राजनीतिकर्मी चन्दा खतिवडा, अतिथि सरोज सुवेदी, व्यवसायी निकी सिहं मल्होत्रा, महिला उद्यमी शितल शर्मा लगायत विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई आयोजकको तर्फबाट सभाध्यक्ष तथा राष्ट्रिय खवरका अध्यक्ष मुकुन्द ढुंगानाले स्वागत गर्दै राष्ट्रिय खवरलाई सातै प्रदेशमा स्थापित गरिसकिएको र विश्वका विभिन्न देशमा समेत शाखा कार्यलय खोली मिडिया संचालनमा रहेको जानकारी दिए ।

कार्यक्रमलाई अतिथिको रुपमा सम्बोधन गर्दै स्वास्थ्य व्यवसायी दिपक अधिकारीले राष्ट्रिय खवरले अब सबै राजनीतिक दलका सबै घोषणापत्रलाई सार्वजानिक सुनुवाईका माध्यामबाट चिरफार गर्ने र उक्त जारी गरिएका घोषणापत्रको प्रभावकारिता र कार्यान्वयन पक्षलाई गतिलो गरी चिरफार गर्न सल्लाह दिए । राष्ट्रिय खवरको नवौं वार्षिक उत्सवसँगै अध्यक्ष ढुंगानाको जन्मदिन परेकोले सहभागीहरुले उनलाई शुभकामना दिएका थिए । कार्यक्रमको समन्वय संस्थापक संचालक कल्पना दंगाल शर्माले र कार्यक्रमको संचालन सूचना प्रविधि व्यवसायी तथा बोस्टर मिडियाका सीईओ द्रोण पराजुलीले गरेका थिए ।

# एकता दिवसको अवसरमा ७७ जनाले गरे रक्तदान

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, १० वैशाख



सन्त निरङ्कारी मण्डल नेपालगन्जले मानव एकता दिवस(२४अप्रिल)को अवसरमा गरेको रक्तदान कार्यक्रममा ७७ जनाले रक्तदान गरेका छन् । नेपालगञ्ज उप-महानगरपालिका-६ फुल्टेक्रामा शनिबार आयोजित कार्यक्रममा सन्त निरंकारी मण्डल नेपालगञ्जका अध्यक्ष (मुखी) शिव प्रसाद गोडिया, बलराम यादव, नवराज बुढा, चक्र बहादुर बिसी, मनोज गोडिया, सचिन सुनार, ध्रुव सुनार, रामु सुनार, हरि विश्वकर्मा, राजकुमार सुनार, भरत किशोर गोडियाले रक्तदान गरेका थिए ।

यस्तै, नन्नकु घरुक, सूरज प्रकाश गोडिया, रेनु गोडिया, रेखा निषाद, पवन कश्यप, विजय कुमार ठाकुर, पंकज कुमार निषाद, आशा घरुक, उत्तम बैश्य, करन बानिया, अनिषा सुनार, विशाल गुप्ता, कौशल साहू, अखिल आनन्द, कमलेश मौर्या, कमल सिंह ठाकुर, बिनोद मौर्या, शेखर कुमार देव, सरोज खडका, रामसेवक बैश्य, निलम बनगोसाई, सञ्जय श्रेष्ठ, रबिन्द्र सिंह, सन्दिप कश्यप, राघव भट्टराई, विवेकभट्टराई, शिव सोनी, ललिता घरुक, उत्तम ठाकुर, बविता घरुक, निलम कश्यप, तुलसी बर्नवाल, समिक्षा खान, पुष्पा आहुजा, धन बहादुर सुनार, करिना आहुजा, मुन्ना चौधरी, हितेष भारती, रेशम थापा,अनिल गोडिया, सुस्मिता श्रेष्ठ, अनूप कुमार तिवारी, रितिका ठाकुर, दिपा थापा, दिपक कौशल, गोबिन्द निषाद, नरेश साहू, उदयअली सिद्दिकी, पहलवान मौर्या, सन्जु गिरी, बिमला बिक, पार्वती न्यौपाने, निशा न्यौपाने, सुरेश कुमार गुप्ता, कृष्ण बहादुर शाही, अनिषा खडका, रिता बिक, लाल बहादुर बिश्वकर्मा, नैन बहादुर मगर, सरोज बुढा, किरन बहादुर शाही, सुरेन्द्र कुमार गोडिया, कमला कुमारी नेपाली, सुभाष गुप्ता, बिजय बहादुर क्षेत्री र राजेश कश्यपलगायत ७७ जनाले रक्तदान गरेका छन् ।

कार्यक्रममा सेवा दलका सदस्य राम खेलावन गोडिया, शिव प्रसाद गोडिया, मनोज गोडिया, शंकर बस्याल, पवन कश्यप, कमल सिंह ठाकुर, राजेश कश्यप, दिपक गुप्ता, पंकज निषाद, बविता घरुक, श्याम भारती, मालती भारती, अरबिन्द देव, समाजसेवी माधवराम वर्मा, सालमी कश्यप, रञ्जना भट्टराई, प्रिया कश्यप, रेनु गोडिया, नरेश गोडिया, राघव भट्टराईलगायत २५ जनाले सहयोग गरेका थिए ।

रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्तसञ्चार सेवा केन्द्र नेपालगञ्जका सोम प्रकाश सापकोटा, महेश राना क्षेत्री, हिमाँशु मौर्या, बीरेन्द्र योगी, बैकुण्ठ रेग्मीलगायतले प्राविधिकमा सहयोग गरेका आयोजकले जनाएको छ ।

# क्यान इन्फोटेकमा युवा–पुस्ताको आकर्षण

**काठमाडौं/मस-**आइएमइपे क्यान इन्फोटेक २०२२ इन एसोसियसन विथ एससिटी स्मार्ट क्युआरको चौथो दिन शनिबार अन्य दिनको तुलनामा अत्याधिक भिड लागेको थियो ।

बुधबार देखि शुरु भएको क्यान इन्फोटेकको २७ औं संस्करणमा शनिबार सार्वजनिक बिदा रहेका कारण र मौसम सफा रहेका कारण पनि अन्य दिनको तुलनमा सरकारी तथा गैर-सरकारी क्षेत्रमा कार्यरत कर्मचारी तथा विद्यार्थीहरुको भिड रहेको थियो ।

शनिबार मेलामा आएकाहरुआफुहरुले माघमा स्थगित भएको क्यान इन्फोटेक अहिले शुरु भएको ढिलो गरी थाहा पाएको तथा अवलोकन गर्न पाउँदा निकै उत्साहित भएको बताएका थिए । कोरोना महामारीका कारण प्रदर्शनी यस अघि २ पटक स्थगित भएको थियो । कोरोना महामारी पछि शुरु भएको प्रदर्शनीमा आफुलाई उपयोगी हुने धेरै स्टलहरु रहेको र सुचना प्रविधिको बारेमा नेपालमा उपलब्ध पछिल्लो प्रविधिहरुमा जानकारी लिएको अवलोकनकर्ताहरुको भनाइ छ । कम्प्युटर एसोसिएसन नेपाल (क्यान महासंघ)का अध्यक्ष नवराज कुँवरका अनुसार यो वर्षको इन्फोटेक विगतको भन्दा धेरै फरक रहेको छ । आयोजकको उद्देश्यअनुसार इन्फोटेकमा प्रदर्शनीकर्ताको सहभागिता र अवलोकनकर्ताको चाहना अनुसारका प्रविधि प्रदर्शनमा राखिएको छ ।

कोभिड-१९ महामारीका कारण बढेको सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित र थप प्रभावकारी बनाउने ज्ञान र दक्षताको खोजीमा मानिसहरू रहेको र आईसीटीएक्सेसेरिजमा भन्दा ब्राण्डिङ, फिन्टेक र स्टार्टअपमा दर्शकको भीड लागेको अध्यक्ष कुँवरको भनाइ छ ।

उनका अनुसार रोबोटिक, इमर्जिङटेक्नोलोजी, वाईफाई तथा इन्टरनेटलगायत प्रडक्टहरूमा पनि अवलोकनकर्ताको उल्लेख्य सहभागिता छ। त्यसैगरी सफ्टवेयर, नेटवर्किङ र क्लाउड सोलुशन, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स, सेक्युरेटी सोलुशन, ल्यापटप तथा डेस्कटप कम्प्युटर, प्रिन्टर, एन्टिभाइरस र बैंकिङ लोलुशन सम्बन्धी सफ्टवयर लगायतका स्टलमा पनि अवलोककर्ताहरूको उल्लेख्य भीड लाग्ने गरेको छ ।

प्रविधिको प्रयोगबाटै टिकट काटेर अवलोककर्तालाई इन्फोटेक भ्रमण गराउने क्यानको योजना अनुसार नै दर्शकहरूले इन्फोटेक भ्रमण गरिरहेको इन्फोटेकका सह-संयोजक समेत रहेका महासंघका उपाध्यक्ष रञ्जित कुमार पोद्दारले जानकारी दिए ।

उनका अनुसार आईएमई-पेमार्फत दैनिक हजारौं मानिसले टिकट खरीद गरेर इन्फोटेक भ्रमणमा आएका छन् । त्यस्तै प्रविधिको प्रयोग गर्न नचाहनेहरूले सय रुपैयाँ तिरेर इन्फोटेक भ्रमण गरिरहेको उपाध्यक्ष पोद्दारको भनाइ छ।१ सयको टिकट काटेर भिजिट गर्नेको संख्या भने तुलनात्मक रूमा कम रहेको उनको भनाइ छ । 'प्रविधिको प्रयोगबाट १ रुपैयाँ मै क्यान इन्फोटेकभिजिट गर्ने अवसर रहेको छ' उपाध्यक्ष पोद्दारले भने, 'यो मौकाको फाइदा उठाइ सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा पोख्त बन्ने र अथाह ज्ञान लिने अवसरलाई खेर नफाल्न सम्पूर्णमा आग्रह गर्दछु ।'

शनिबार इन्फोटेकमा लोकप्रिय गायक सुशान्तकेसी, ऱ्यापर गिरीस खतिवडा, गायक स्वप्न सुमन, पब्जी खेलाडी इन्दु मल्ल लगायत समाजमा चर्चित ब्यक्तित्वहरुको सहभागिता रहेको थियो । इन्फोटेकमा आएका अवलोकनकर्ताहरु आफुसँगै चर्चित ब्यक्तित्वहरु पाउँदा झनै उत्साहित देखिन्थे ।

शनिबार नै डिस होमले नयाँ प्रडक्ट 'क्याम्पस वाईफाई' सार्वजनिक गरेको छ साथै शनिबार नै रमाइलो गेमले 'ब्रान्डच्यालेन्ज' प्रतियोगिता आयोजना गरेका कारण यी स्टलहरुमा अवलोकनकर्ताको अत्यधिक आकर्षण देखिन्थ्यो ।

प्रदर्शनीमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान(नास्ट)को प्रविधि संकाय अन्तर्गत दक्षिण कोरियाली सरकारको औपचारिक विकास सहयोग मार्फत मुलुकमै उपलब्ध पहिलो घुम्ती सूचना पहुँच केन्द्रमा अवलोकनकर्ताहरुको आकर्षण देखिन्थ्यो ।

नास्टका प्रविधि संकाय प्रमुख डा. रविन्द्र ढकालका अनुसार सूचना प्रविधिमा पहुँच नभएका क्षेत्र र समूहलाई लक्षित गर्दै यो सूचना प्रविधिमैत्री बस तयार गरिएको हो र प्रदर्शनीमा सर्वसाधारणको जानकारीका निम्ति यसको प्रदर्शनी गरिएको हो ।

वातानुकूलित बसभित्र विद्यार्थीका लागि आवश्यक वाईफाई, ल्यापटप, प्रोजेक्टर, स्क्रिन, इलेक्ट्रोनिक पोडियम, प्रिन्टर, भिजुअलाइजर, साउण्ड सिस्टम, स्पिकर, शौचालय लगायतका सुविधाहरु उपलब्ध छन् । यस आईसीटीमोबाइल बसमा एक पटकमा १८ जनाले तालिम लिन सक्ने गरी संरचना बनाइएको छ ।

नाष्टले घुम्ती सूचना पहुँच केन्द्र नामक मोबाइल बस मार्फत मुलुकका ग्रामीण भेगमा पुगी सूचना तथा संचार प्रविधि क्षेत्रमा शिक्षित र अशिक्षितबीचको खाडल भर्न सहयोग गर्ने उदेश्य लिएको छ र सोका निम्ति क्यान महासंघसँग सहकार्य गरेको छ । घुम्ती सूचना पहुँच केन्द्रमार्फत विद्यार्थीलाई अभिमुखीकरण गर्ने, कम्प्युटरका कक्षा सञ्चालन गर्ने र साक्षरता बढाउने लगायतका कामहरु भइरहेको नास्टले जनाएको छ ।

चार सय २४ मतदाता थिए । यो पटक ३६ लाख ५९ हजार दुई सय ९९ सय बढेर १ करोड ७७ लाख पुगेको छ ।

**आचारसंहिता थप कडाइ**

निर्वाचन आयोगले आचारसंहिता पालना गर्न सबैमा अनुरोध गरेको छ। अन्यथा राजनीतिक दल र उम्मेदवारलाई अनुगमनको दायरामा ल्याइने आयोगले भनेको छ ।

शनिबार पत्रकार सम्मेलन गरेर आयोगले सामाजिक सञ्जालमा थप निगरानी बढाउने बताएको हो ।

आयोगका आयुक्त दिनेशकुमार थपलियाले सामाजिक सञ्जालमा भइरहेको विकृतिहरुलाई अनुगमन गर्न आयोगले एउटा टोली बनाएको र आइतबारदेखि सो टोलीले अनुगमनलाई अघि बढाउने बताएका छन् ।

उनले स्टुडियोमा बसेर गरेको कुराकानी पनि सामाजिक सञ्जालमा आएमा सो विषयालाई पनि त्यो पनि अनुगमनको दायरामा ल्याउने बताएका छन् । ता, दलको आधिकारिक नाम भएको सामाजिक सञ्जालबाट चुनाव प्रचार गर्दैमा आचारसंहिता भने नलाग्ने उनको भनाई छ ।

आयोगले जारी गरेको आचारसंहितामा पनि राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ संगठनहरुले उम्मेदवारको कार्यालयमा डिजिटल बोर्ड, अडियो भिजुअल सामग्रीहरु प्रदर्शन गर्न नहुने व्यवस्था छ। त्यस्तै, अनलाइन वेब पेज, टिभी स्क्रोलिङ्ग, सपिंग मलमा डिस्प्ले, कल सेन्टर संचालन, बैंकका एटिएम काउन्टरमा संदेश लगायतका कार्यहरु गर्न नहुने विषय आचारसंहितामा उल्लेख छ । त्यसैगरी मौन अवधिमा सामाजिक संजाल तथा अनलाइन छापा माध्यमलगायतले कुनैपनि उम्मेदवारहरुको पक्ष विपक्षमा कन्टेन्टहरु प्रकाशन तथा प्रशारण गर्न रोक लगाएको छ भने त्यसमा कमेन्ट वा शेयर गर्न समेत आचारसंहिताले रोक लगाएको छ।

सोही आचारसंहितामा रहेका विषयलाई वेवास्ता गरे आयोगले कारवाहीको दायरामा ल्याउन सक्ने बताईएको छ ।

## एमालेले...

उम्मेदवार तय गरेको छ । धनगढीको प्रमुख रणबहादुर चन्द र उपप्रमुख कन्दकला राना थारु, नेपालगञ्जको प्रमुखमा पशुपतिदयाल मिश्र र उपप्रमुख शान्तिदेवी ढकाल, तुलसीपुरको प्रमुख टिकाराम खड्का र उपप्रमुख स्यानी चौधरीको नाम तय भएको छ ।

घोराहीको प्रमुखमा नरुलाल चौधरी र उपप्रमुख हुमा कुमारी डिसी, बुटवलको प्रमुखमा बाबुराम खड्का र उपप्रमुख साबित्रादेवी अर्याल, हेटौंडामा अनन्त पौडेल र उपप्रमुख सुमित्रा काफ्ले, धरानको प्रमुखमा मञ्जु भण्डारी र उपमेयर पदम लिम्ब, इटहरीको प्रमुखमा यमकुमार सुब्बा, उपमेयर संगिता चौधरीको नाम तय भएको छ । कलैयाको प्रमुखमा विनोद साह तय भएका छन्, तर उपप्रमुखको उम्मेदवार तोक्न बाँकी छ। जनकपुर र जितपुर सिमराको प्रमुख र उपप्रमुखकै उम्मेदवार तोकिएको छैन ।

## वैदेशिक...

शिक्षा, स्वास्थ्य लगायत अन्य धेरै क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष असर पुऱ्याउने बताएको छ ।

जवाफमा महानिर्देशक पौडेलले आफू महानिर्देशकको जिम्मेवारीमा आएपछि अनलाइन प्रणालीमा सुधार गरी सेवा प्रवाहलाई झन्झटमुक्त बनाउने प्रयास जारी राखेको भन्दै सबै पक्षसँग थप छलफल गरी सुधारका लागि निर्णय गर्ने बताए ।

## नबदलिएको...

सार्वजनिक रुपमै दुखेसो गरेकी छन् । पर्सा-३ का संघीय सांसद प्रदीप यादवले पनि वीरगञ्ज महानगरपालिकाको उपमेयरका लागि श्रीमती पिंकी यादवको नाम अघि सारेका छन् ।

चितवनको भरतपुरमा पनि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डकी पुत्री रेणु दाहाल मेयरको उम्मेदवारमा दोहोरिँदैछन् । २०७४ मा चुनाव जितेकी रेणुको आफ्नै राजनीतिक इतिहास छ। तर, उनले प्रचण्डपुत्री भएका कारण बढी अवसर पाएको माओवादी नेताहरु नै टिप्पणी गर्छन् ।

स्थानीय तहमा समावेशी जन प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ । स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक महिला हुनुपर्छ । वडा तहमा पनि दुई महिला सदस्य अनिवार्य छ । यही प्रावधानलाई लागू गर्ने मामिलामा पनि आफन्तवाद हावी भएको हो ।

टिकट वितरणमा आफन्तवाद स्थानीय तहको चुनावमा मात्रै छैन्। प्रदेश र संघीय चुनावमा अझ विकराल छ। राजनीतिक दलहरुभित्र प्रदेश र संघीय चुनाव अगाडि समानुपातिक तर्फ आफन्तको नाम अगाडि राख्ने होड नै चल्छ । गणतन्त्रमा जुन रुपमा नेताहरुमा आफन्त मोह देखिएको छ । यस्तै मोह राजतन्त्रमा पनि हुन्थ्यो । तर, त्यो बेलाको र अहिलेको अवस्था र व्यवस्था भने बदलिएको छ ।

बदलिएको छैन- आफन्त मोहको प्रवृति । राजतन्त्र, राणाकालमा राजा, राणा र उनका वरिपरीका व्यक्तिहरुले आफन्तलाई अवसर दिन्थे, गणतन्त्रमा समावेशी/समानुपातिक सहभागिताको नाममा पार्टीमा पकड जमाउने नेताहरुले आफन्तलाई अवसर दिलाइरहेका छन् ।

## गठबन्धनको ....

भइरहेको छ । प्रमुख निर्वाचन आयुक्त थपलिया अन्य पालिकाको मतपत्रमा पनि उम्मेदवार रहेको दलको मात्रै चुनाव चिन्ह राख्न समयको अभावले नसकिने बताउँछन् । आयोगका अनुसार मुलुकभर ८७ प्रकारका मतपत्र डिजाइन गरेर छपाइको काम भइरहेको छ ।

तर ६ महानगपालिका (काठमाडौं, ललितपुर, पोखरा, भरतपुर, विराटनगर र वीरगञ्ज) र भक्तपुरको चार नगरपालिका भन्दा अन्य स्थानीय तहको मतपत्र भने फरक हुनेछ। ती स्थानीय तहहरुमा दलीय हैसियतअनुसारको चुनाव चिन्ह प्रकाशित हुनेछ। उम्मेद्वारी नपरेपनि चिन्ह भने हुनेछ। स्वतन्त्र उम्मेद्वारले मतपत्रमा प्रकाशित भएकै चिन्ह मध्ये एक रोज्नुपर्नेछ।

आयोगको यो निर्णयले सत्ता गठबन्धनलाई भने सजिलो हुने भएको छ। किनकि ११ उपमहानगर र ६ महानगरपालिकामा सत्तारुढ गठबन्धनले भागबण्डाका आधारमा साझा उम्मेद्वारी दिने तयारी गरेको छ । अब आयोगले गरेको निर्णय अनुसार, गठबन्धनले उम्मेद्वारी नदिएको चिन्ह प्रकाशित हुनेछैन ।

## उम्मेदवारी..

उम्मेदवारी दिने भएकाले भीडभाड नहोस् भन्नका लागि दुई दिनको समय उपलब्ध गराएको निर्वाचन आयोग बताउँछन् ।

'२०७४ सालको चुनावमा एक दिन उम्मेदवारी दर्ताको समय राख्दा सहमतिमा समय थप्दै गएर भोलिपल्ट बिहानसम्म पुऱ्याउनुपरेको थियो' निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले भने ।

आयोगले तोकिएको समयभित्र उम्मेदवारी दर्ता गर्न देशभरका निर्वाचन अधिकृतहरुलाई निर्देशन दिएको छ ।

आइतबार बिहान १० बजेदेखि सोमबार अपरान्ह ५ बजेसम्म जतिबेला जुनसुकै व्यक्ति उम्मेदवारी दिन आएपनि दर्ता गर्न निर्वाचन अधिकृतहरुलाई निर्देशन दिइएको हो ।

केही ठाँउमा गोलाप्रथा गरेर वा कुनै उपायले दलहरुलाई निश्चित समय छुट्याएको हल्ला आएको भन्दै निर्वाचन आयोगका प्रवक्ता शालिकराम शर्मा पौडेलले भने, ' त्यसरी समय नतोक्न, कार्यालय समयभित्र जुनसुकै बेलामा आएपनि मनोनयन दर्ता गर्न आयोगले निर्देशन दिएको छ ।'

निर्वाचन कार्यक्रम अनुसार १२ गते उम्मेदवारहरुको नामावलीको सूचि प्रकाशित हुनेछ । १३ गते दावी विरोधको समय निर्धारण गरिएको छ ।

स्थानीय तहको चुनावमा उम्मेदवार बन्न चाहने बहालवाला पदाधिकारीहरुले पदबाट राजीनामा दिनुपर्ने हुन्छ । आफ्नो नाममा बेरुजु नरहेको स्वघोषणा गर्नुपर्छ ।

यी लगायतका आचारसंहिताको पालना भए/नभएको हेर्ने कार्य दावीविरोधको समयमा हुन्छ ।

१४ र १५ गते दावीविरोध उपर निर्वाचन अधिकृतको कार्यालयमा जाँचबुझ हुनेछ र १६ गते उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित हुनेछ। १७ गते उम्मेदवार हरुलाई निर्वाचन चिन्ह प्रदान गर्ने निर्वाचन कार्यतालिका छ ।

११ दिन प्रचारप्रसार

१७ गते निर्वाचन चिन्ह पाएपछि उम्मेदवारहरुले प्रचारप्रसारको काम सुरु गर्न पाउँछन् ।

यसपटक उम्मेदवारले औपचारिक रुपमा निर्वाचन प्रचारका लागि ११ दिनको समय पाउने छन् । किनकी ३० गते मतदान हुने भएपनि ४८ घण्टा अगाडि २७ गते मध्य रातिबाट मौन अवधि लागू हुनेछ। मौन अवधिमा चुनाव प्रचारप्रसार गर्न पाइँदैन् ।

निर्वाचन आयोगका अनुसार स्थानीय चुनावमा १ करोड ७७ लाख ३३ हजार ७२३ मतदाता छन्। जसमध्ये ८९ लाख ९२ हजार १० पुरुष, ८७ लाख ४१ हजार ५३० महिला, र १८३ अन्य छन् ।

आयोगका अनुसार ३६ लाख नयाँ मतदाता छन्। २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा एक करोड ४० लाख ७४ हजार

**Yangwarak Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Tharpu, Panchthar**
**1 No. Province**

## Invitation for Bids

**First Date of Publication: - 2079-01-11**

1. The Yangwarak Rural Municipality invites Electronic bids from eligible bidders for the Construction of following Works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S. N. | Contract Identification No | Description of Works | Average Annual Construction Turnover | Work Experience of Similar Size and Nature | Bid Security Amount (Nrs.) | Cost of Bid Document (Nrs.) |
|---|---|---|---|---|---|---|
| I. | YRM/NCB/ Works/No- 14-78/79 | Construction Of Three Story Academic Block of Tharpu Namuna Mavi | 2,72,00,000.00 | 3,69,00,000.00 | 11,53,000.00 | 5,000.00 |

2. Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive, Yangwarak Rural Municipality, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp till 2079-02-10 before 12:00 Noon. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : Civil Bank Ltd., Yangwarak Branch, Panchthar
Name of the Office : YANGWARAK GAUPALKA
Office Account no : GA -1-1 **(06210184899082)** For Bid Document Price
GA 3 **(06210184899047)** For Bid Security
Contact Details : Phone no.024-410048, Email: - yangwarakruralmun@gmail.com,
4. Pre-bid meeting shall be held at Yangwarak Rural Municipality at **2079-01-22, 1:00 PM**.
5. Electronic Bids must be submitted to the Office of The Rural Municipal Executive, Yangwarak Rural Municipality,through PPMO's e-GP system www.bolpatra.gov.np/egp before **12:00** Noon on **2079-02-10.**
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2079-02-10, 1:00 PM** at the Office of Yangwarak Rural Municipality, Panchthar. Bids must be valid for a period of 120 days after bid opening. Bid security amount must be as per above table and shall be valid for 30 days beyond the bid validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.
8. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Noncompliance with this instruction shall result in disqualification.
9. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# काकाकुल बन्दै पुर्चौडीबासी

**दिपक बाबु साउँद/मध्यान्ह**
बैतडी, १० वैशाख

बैतडीको पुर्चौडी नगरपालिका ३ मा खानेपानीको समस्या देखिएको छ। खडेरी शुरु भएसँगै भाणीसैनी र ढुंगाबिसौनामा खानेपानीको चरम समस्या देखिएको हो। यहाँको बढ्दो जनसंख्या र पानीको अन्य स्रोत नहुँदा खानेपानीको समस्या बढ्दै जान थालेको स्थानीय गजेन्द्र सिंह धामीले मध्यान्हलाई बताए।

हरेक वर्षको यसै समयमा भाणीसैनी र ढुंगा बिसौना, साफेबजार लगागतका बस्तीहरुमा खानेपानीको समस्या देखिने गरेको छ। कहिले धारामा पानी नझर्ने र कहिले करिब एक घण्टामात्र धारामा पानी आउँदा पिउन तथा पानीसँग जोडिएका दैनिक कामकाज गर्न समस्या भइरहेको उनले गुनासो गरे।

यस्तै सापे बजारमा निमुना होटल सञ्चालन गर्दै आएका



जय सिंह धामीले पनि धारामा पानी नझर्दा समस्या हुने गरेको बताए। एक सातायता धारामा पानी अनियमित हुँदा हाहाकार मच्चिएको छ। उनले पानी नभएकै कारण होटलमा आउने मान्छेलाई रोक्नुपर्ने अवस्था आइसकेको समेत बताए।

अहिले भाणी सैनीमा डाडाकाटे मुहानबाट पानी आइरहेको छ। तर मुहानमा पानी सुकेकै कारण धारामा पानी अनियमित हुने गरेको स्थानीय महने लुहाले बताए। पुरानो खानेपानी आयोजना मर्मत सम्भार नहुँदा खानेपानीको लागी एक घण्टा टाढा जानुपर्ने बाध्यता रहेको उनको गुनासो छ। 'त्यो पनि खोलाको दूषित पानी पिउनुपर्ने बाध्यता रहेको छ। नेताहरु चुनावको बेला मात्र भोट माग्न आउँछन्, खाने पानीको समस्या हामी समाधान गर्छौं भन्छन् तर समस्या यथावत् नै छ,' उनले भने।

अर्का स्थानीय पुर्ण बहादुर बोहराका अनुसार नुहाउन, कपडा धुन, पशु-चौपायाको प्यास मेटाउन टाढाको खोल्साखाल्सी धाउनुपर्छ। शौच गर्न जंगलतिर जानुपर्ने र सरसफाइका लागि हप्तौं कुर्नुपर्ने उनको गुनासो छ। उनले भने, 'मुलुकमा धेरै ठूला ठूला परिवर्तन आए, विकासका नाममा करोडौं रकम खर्च भए, तर धित मारेर तिर्खा मार्ने पानी यहाँका बासीको चाहना अझैं पूरा भएको छैन।'

# कोहलपुर नगरपालिकाद्वारा एम्बुलेन्स खरिद

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १० वैशाख

बाँकेको कोहलपुर नगरपालिकाले एम्बुलेन्स खरिद गरेर ल्याएको छ। एम्बुलेन्स खरिद प्रयास भने तीन वर्षदेखि हुँदै आएको थियो। तीन वर्ष देखिको कथक प्रयासपछि नगरपालिका एम्बुलेन्स खरिद गर्न सफल भएको नगरप्रमुख लुटबहादुर रावतले बताए।



उनले भने, 'हामीले तीन वर्षदेखि प्रयास गरिरहेका थियौं। यो बीचमा कोभिड आयो। अन्य विभिन्न समस्याहरू आए। अन्ततः हामी नगरपालिकामा एम्बुलेन्स पुऱ्याउन सफल भएका छौं।' प्रमुख रावतले नगर क्षेत्रका सुत्केरी र ज्येष्ठ नागरिकहरूलाई निःशुल्क सेवा दिने बताए। कोहलपुरबाहेकका पालिका तथा व्यक्तिले एम्बुलेन्स प्रयोग गरेमा शुल्क लाग्ने बताए। स्थानीय तहको आधारभूत आवश्यकताका रूपमा रहेको एम्बुलेन्स सेवा सञ्चालन गर्ने योजनाले पूर्णता पाएको छ। कोहलपुर नगरपालिका स्टोर शाखा प्रमुख हरिबहादुर वलीले टेन्डरमार्फत् ४४ लाख ९० हजार रुपैयाँमा एम्बुलेन्स खरिद गरेको बताए।

भन्सार छुट अन्तर्गत नगरपालिकाले एम्बुलेन्स खरिद गरेको मध्यान्हलाई जनाकारी दिए। उनका अनुसार कोहलपुर नगरपालिकाले एम्बुलेन्स खरिदका लागि ४५ लाख रुपैयाँ छुट्याइएको थियो। यसअघि कोहलपुर नगरपालिकाको आफ्नै एम्बुलेन्स थिएन। कोरोना कहरका बेला आफ्नै एम्बुलेन्स नभएको भन्दै कोहलपुर नगरपालिका र जनप्रतिनिधिको आलोचना खेप्नु परेको थियो। नगरपालिकाले खरिद गरेको एम्बुलेन्स 'ख' वर्गको रहेको छ। कोहलपुर नगरपालिकामा एम्बुलेन्स आएपनि अझै सञ्चालनमा भने आउन सकेको छैन।

**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

# कतारमा इद विशेष साँस्कृतिक कार्यक्रम हुने




कतारमा स्थापित नेपाली विभिन्न संघसंस्थाहरूले संयुक्त रुपमा साँस्कृतिक कार्यक्रमको आयोजना गर्ने भएका छन्।

गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् कतारको समन्वयमा नेपालको राष्ट्रिय पर्व इद उल फित्र (इद) तथा नेपाली नयाँ वर्षको अवसरमा शुभकामना तथा सांस्कृतिक कार्यक्रमको आयोजना गर्न लागिएको हो। इदको दोस्रो दिन अल अरबी स्पोर्ट्स क्लबको कभर्ड हलमा बिहान १० बजेदेखि कार्यक्रम हुने आयोजकले जनाएको छ।

कार्यक्रममा कतारमा स्थापित ६३ वटा विभिन्न संघ संस्था जोडिएको एनआरएनए एनसीसी कतारका महासचिव पदम गिरीले मध्यान्हलाई जानकारी दिए।

उनका अनुसार आयोजक संस्था अझै बढ्ने सक्ने अनुमान छ। कार्यक्रममा आयोजक तथा सह-आयोजकका तर्फबाट कतारमा रहेका करिब १०० जना कलाकारले आफ्नो साङ्गीतिक प्रस्तुति दिने आयोजकले जनाएको छ।

जसमा विभिन्न क्षेत्र तथा समुदायका झाँकी तथा मौलिक प्रस्तुति रहने एनसीसी कतारका साँस्कृतिक संयोजक सामुयल सुनुवार 'साम'ले जानकारी दिए।

अहिलेसम्म तनहुँ सेवा समाज, पर्वत समाज, बागलुङ सेवा समाज, धनकुटा सेवा समाज, ताप्लेजुङ पाथीभरा सेवा समाज, नेपाल आदिवासी जनजाति महासंघ, स्याङ्जा सहयोग समाज, झापाली समाज, ठकुरी सहयोग सञ्जाल, समाज सेवा अभियान रुपन्देही, दाङ देउखुरी सेवा समाज, म्याग्दी प्रवासी नेपाली संघ(मोना), लमजुङ सेवा समाज, चितवन युवा समूह, इलाम सेवा समाज, लुम्बिनी प्रदेश समन्वय परिषद्, संखुवासभा समाज, काभ्रेपलान्चोक सेवा समाज, खस क्षत्री सेवा समाज, गुल्मी सेवा समाज, अर्घाखाँची सेवा समाज, नवलपरासी सेवा समाज, पाल्पाली सेवा समाज, बुद्ध भूमि कपिलवस्तु सेवा समाज, रोल्पा जलजला सेवा समाज, प्युठान सेवा समाज, कार्ड्स अर्गनाइजेसन, अन्तर्राष्ट्रिय रोल्पाली सेवा समाज, गण्डकी प्रदेश समन्वय परिषद्, खोटाङ सेवा समाज, गोरखा सेवा समाज, विश्वकर्मा समाज, मितेरी समाज, लिल फङ्ग घले समाज, दलित एकता सञ्जाल राष्ट्रिय समन्वय समिति, सिन्धुली सेवा समाज दोहा, प्रगतिशील नेपाली समाज, नेपाली महिला समाज, कास्की आदर्श समाज, सद्भाव युवा समाज, राष्ट्रिय लोक तथा दोहोरीगित प्रतिष्ठान, सन्ध्या ग्रुप अल्खोर, सिरहा सेवा समिति, नेपाली प्रवासी एकीकृत श्रमिक सघ, धनुषा सेवा समाज,नेपाली मुस्लिम समाज, परियार मित्रता समाज, बाँके सेवा समाज, सुदूर पश्चिमेली नेपाली समाज, मधेस प्रदेश समन्वय परिषद्, सुनसरी सृजनशील परिवार, नेसनल लाइफ इन्स्योरेन्स कम्पनी कतार च्याप्टर, मोरङ सुनसरी सेवा समाज, नेपाली जनसम्पर्क मञ्च, प्रवासी नेपाली एकता मञ्च, विवेकशील साझा सद्भाव समूह, ओखलढुङ्गा सेवा समाज, अनेसास नवोदित साहित्यिक वाचन डबली, भोजपुर सेवा समाज, प्रवासी नेपाली मञ्च, संघीय लिम्बुवान सामाजिक मञ्च, उदयपुर प्रवासी सेवा समाज, प्रदेश नं १ समन्वय परिषद् कतार सह आयोजकका रूपमा रहेका छन्। संयुक्त रूपमा कार्यक्रम आयोजना गर्न एनसीसीको संयोजकत्वमा दुई पटक बैठक बसेर निर्णय गरिएको थियो। कार्यक्रम हेर्नका लागि टिकट दर ५० कतारी रियाल कायम गरिएको छ।

# नयाँ वर्ष तथा रमदानको शुभकामना आदानप्रदान

नेपाली जनसम्पर्क समिति कतारले नयाँ वर्ष २०७९ तथा इस्लाम धर्मावलम्बीहरूको पवित्र महिना रमदानको अवसर पारेर शुभकामना तथा बृहत् इफ्तार कार्यक्रम" सम्पन्न गरेको छ। समितिका सभापति मोहमद अजिज अलीको सभापतित्व तथा नेपाली राजदूतावासकतारका द्वितीय सचिव प्रविण भट्टराईको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमको उद्घाटन कुरान तिलावात (मौलाना जनाव) बाट गरिएको थियो भने कार्यक्रममा उपस्थितलाई उपसभापति ठाकुर कुमार परियारले स्वागत मन्तव्यद्वारा स्वागत गरेका थिए। रमदानको बारेमा मौलानले व्याख्या गरेका थिए। कार्यक्रममा जनसम्पर्क समिति कतारका संस्थापक सभापति एवं एनआरएनए आइसिसी उपाध्यक्ष नरेन्द्र भाट, एनआरएनए आइसिसी युवा उपाध्यक्ष राज रेग्मी, सचिव प्रविण गुरुङ लगायत कतारमा स्थापित विभिन्न जिल्ला, प्रदेश परिषद्, वैचारिक संगठन, महिला समाज, पत्रकार, सामुदायिक संस्थाहरूका अध्यक्ष तथा प्रतिनिधिहरुको आतिथ्यतासहित उनीहरूले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि भट्टराईले टिममा मिलेर काम गर्न आग्रह गर्दै टिमवर्कले नतिजा सकारात्मक आउने बताए। आफ्नो मन्तव्यको क्रममा भट्टराईले कतारमा पासपोर्ट राखेर साथी-साथीबीच आर्थिक कारोबार हुने र नतिर्ने गरेको धेरै गुनासा नियोगमा आउने गरेको भन्दै यस्ता गतिविधि नगर्न आग्रह गरे। भट्टराईले पासपोर्ट हरायो भने अर्को बनाउन मिल्ने हुँदा अनावश्यक विश्वासमा नफस्न आग्रह गर्दै त्यसले विकराल रूप लिँदै गएकोप्रति चिन्ता व्यक्त गरे।

महामन्त्री केदार भुसालले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति अलीले कार्यक्रममा आमन्त्रित अतिथिले समयको कदर नगरिदिँदा अतिथिलाई नै सत्कार दिन आयोजक चुक्ने गरेको तितो यथार्थता प्रति रोष प्रकट गरे। अलीले संघ संस्थाका अगुवा तथा नेतृत्वकर्ताहरु पङ्चुअल नहुँदा सेड्युल नै बिग्रने गरेको बताए। दाङको मस्जिदमा भएको हमलाको निन्दा गर्दै उनले सबैलाई नयाँ वर्ष तथा रमदानको शुभकामना व्यक्त गरेका थिए।

**Letang Municipality**
**Office of Municipal Executive**
Letang, Morang
Province 1, Nepal

**Invitation for Online Bids**

**Date of publication: 24 April 2022**

1. **Letang Municipality**, Morang invites electronic bids from Nepalese eligible bidders for the construction of Various Works under National Competitive Bidding procedures. The estimated amount for the works is Mentioned Below.
2. Eligible Bidders may obtain further information at the office of Letang Municipality, Morang or may visit PPMO website.
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 24-05-2022 12:00. Bids received after this deadline will be rejected.

| S. N | Contract Identification No. | Name of the Project | Estimated Cost (Exclusive VAT & Contingencies) | Bid Security (Nrs) | Cost of Bidding Documents |
|---|---|---|---|---|---|
| 1. | LM/MOR/ NCB/W/15/2078-79 | Construction of Ghumti - Lamitar Road | 91,88,663.82 | 2,70,000.0 | 3,000 |
| 2. | LM/MOR/ NCB/W/16/2078-79 | Construction of Road Sworgadwari Marga | 31,04,412.37 | 95,000.0 | 3000 |
| 3. | LM/MOR/ NCB/W/17/2078-79 | Construction of Dandagaun Road | 97,57,617.24 | 2,85,000.0 | 3000 |

**Chief Executive Officer**

**वैतेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पाइँडाडाँ, दोलखा**

**शिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०७९।०१।११ गते**

यस कार्यालयको तपसिल बमोजिमको निर्माण कार्य गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व २०७८।७९ को स्वीकृत कार्यक्रम अर्न्तगत रितपुर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal www.bolpatra.gov.np मार्फत दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।
१) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु र विस्तृत सूचना www.baiteshwormun.gov.np मा हेर्न सकिने छ।
२) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानून बमोजिम हुनेछ।
३) विस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

| ठे.नं | कामको विवरण | ल.ई. (भ्याट सहित) | जमानत रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र फाराम खरिद अवधि | दरभाउपत्र फाराम दाखिला अवधि | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| BRM/SQ/ Goods/ Dolakha/ 002/078/79 | Supply,Delivery,Installation and Erection of Internet MS Poles at Various Locations of Baiteshwor Rural Municipality | ९,७८,१९०।०० | २५,००० | १,०००। | सूचना प्रकाशन मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र | सूचना प्रकाशन मितिले १६ औं दिन दिनको १२ बजे भित्र | सूचना प्रकाशन मितिले १६ औं दिनको १ बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

# निःशुल्क सेनेटरी प्याड वितरण

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १० वैशाख

सनराईज यूथ सिरहा संजाल (एस.वाई.एस.एस.) सिरहाले महिनावारी सम्बन्धि जनचेतना मूलक कार्यक्रमहरू सम्पन्न गरेको छ। मिर्चैया नगरपालिका-११ मा संजालले शनिबार महिनावारी सरसफाइ सम्बन्धि जनचेतना तथा सेनेटरी प्याड वितरण कार्यक्रम सम्पन्न गरेको हो। 'स्वास्थ्य महिला, स्वास्थ्य परिवार, स्वास्थ्य समाज' नाराका साथ ५० जना भन्दा बढी महिला तथा किशोरीहरुलाई २०० थान सेनेटरी प्याड निःशुल्क रुपमा वितरण गरिएको सञ्जालले जनाएको छ। कार्यक्रममा महिनावारीको बेलामा सरसफाइ, खानपान, आइपर्ने समस्या, गर्न हुने/नहुने क्रियाकलाप तथा महिनावारीसँग सम्बन्धित विभिन्न सकारात्मक तथा नकारात्मक विषयका बारेमा जानकारी गराइएको सञ्जालकी अध्यक्ष शोभा साहले बताइन्।

**कर्मचारी आवश्यकता**
यस मेनपावर कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला।
**RECEIPTIONIST - 3 (Female)**
(Salary: Negotiable)
म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको हुनुपर्नेछ।
अफिसको नजिक हुनेलाई विशेष प्राथमिकता दिईने छ।
**आशुतोष मेनपावर कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.**
नयाँ बजार, काठमाडौं, नेपाल, फोन : ४३५९१३६, ४३६०४४६, ९८१८६२३८६५

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**
होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं।
Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.
Short Courses
• Interview Tips • English Language • Service Staff Training • Customer Service & Skill Development Training
GET TRAINED & DEVELOPE YOUR PERSONALITY
After Training 100% Job Guarantee !
तालिमपछि रोजगारको ग्यारेन्टी
VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
११ वैशाख २०७९, आइतबार
24 April 2022, Sunday

सम्पादकीय

## विवाद होइन विश्वासको खाँचो

निर्वाचन आयोगले ६ महानगरसहित १० स्थानीय तहमा उम्मेद्वार नभएको चिन्ह मतपत्रमा प्रकाशन नगर्ने निर्णय सुनाएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोगको तयारीबारे जानकारी दिदै १० स्थानीय तहको मतपत्र अन्य भन्दा फरक हुने बताए । काठमाडौं, ललितपुर, पोखरा, विराटनगर, वीरगञ्ज र भरतपुर महानगर पालिकामा उम्मेद्वारी नपरेको चिन्ह प्रकाशित हुने छैन । भक्तपुरका चार नगरपालिकामा पनि उम्मेद्वारी नपरेको उम्मेद्वारको चिन्ह प्रकाशित हुनेछैन । तर बाँकी स्थानीय तहमा भने दलीय चिन्हका आधारमा मतपत्र प्रकाशित हुनेछ । स्वतन्त्र उम्मेद्वारी दिनेका निम्ति मतपत्रमै भएको चिन्ह रोज्न लगाइनेछ । महानगर सहित १० स्थानीय तहमा अन्य स्थानीय तहको भन्दा फरक मतपत्र प्रकाशित गर्ने आयोगको निर्णयप्रति असन्तुष्टि देखिने स्वभाविक छ ।

विशेषगरी विपक्षी दल नेकपा एमालेले यसप्रति प्रश्न उठाउनु स्वभाविक देखिन्छ । किनकि मुलुकको ठूला महानगरमा सत्तारूढ गठबन्धनले साझा उम्मेद्वारी दिने निर्णय गरिसकेको छ । उपमहानगर समेत भागबण्डामा टुंग्याएको गठबन्धनका शीर्ष नेताहरूले ६ महानगर मध्ये नेपाली कांग्रेसले तीन र बाँकी तीन दलले एक/एक महानगरमा उम्मेद्वारी दिने निर्णय गरेको छ । त्यसैगरी उम्मेद्वार चयन प्रक्रिया समेत अगाडि बढेको छ । तसर्थ आयोगको यो निर्णयले स्वतः सत्ता गठबन्धनलाई सहज भएको छ । आयोगले भने उम्मेद्वारी नपरेको चिन्ह अन्यत्र पनि प्रकाशित नगर्न उचित हुने भएपनि व्यवहारिक नहुने तर्क गरेको छ । आयोगले जस्तो तर्क गरेपनि यो निर्णयले अविश्वासको बातावरण सिर्जना हुने निश्चित छ ।

जबकी अहिले आयोगले विश्वासको बातावरण सिर्जना गर्न जरूरी छ । तर लगातार आयोगको भूमिका विवादित बन्दै आएको छ । सधैं सत्ताको सहयोगी बनेको आरोप खेप्दै आएको छ । ३० वैशाखमा स्थानीय चुनाव निश्चित भएपछि पनि आयोगले हरियो रंगमा मतपत्र प्रकाशित गर्ने निर्णय गरेर विवादित बनेको थियो । हुन त यसअघिका चुनावहरूमा पनि आयोगको आलोचना हुने गरेको छ । सत्ताको प्रभाव परेको आरोप आयोगले सधैं खेप्ने गरेको छ । यसपटक पनि त्यस्तै परिस्थिति पुनरावृत्ति भएको छ । तर अझै पनि समय छ । अतः आयोगले शंकास्पद निर्णय सच्याउने र दल तथा उम्मेद्वारको विश्वास जित्न आवश्यक छ ।

# कोरोना महामारी र अर्थतन्त्र


*पछिल्लो अवस्थामा हाम्रो अर्थतन्त्र विगत ५ वर्ष यताकै ओरालोमा परेको छ । मुख्य बालि धान लक्ष्यभन्दा ९ लाख मेट्रिक टन कम उत्पादन भएको छ । कोभिड र राजनीति दुबैले अल्मलिएको अर्थनीतिले देशमा गति लिन सकेको छैन ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

२. कम्पनी : **DESPERATE TRADING & CONT. W.L.L** शहर:**DOHA**
पूर्व स्वीकृत मिति: २०७९/०१/०९ चलानी नं.:६०१७८३५० L.T. No.: 261904

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1900 | ६३,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 4 | 0 | | 1000 | ३३,२८० | | | | | | | |
| 3. | Representative | 2 | 0 | | 2200 | ७३,२१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ बैशाख १८ गते (1 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9851024839
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com

# बक्स अफिस समाचार

# 'हाम्रो मुटु भनेकै लोक संगीत रहेछ'



विगत १५ वर्ष देखि अमेरिकामा बस्दै आएका गायक रोशन गुरुङ यतिबेला नेपालमा छन् । २०५६ मा 'तिम्रो सम्झना' मार्फत गायकी पहिचान बनाएका रोशनको 'भिज्ला है आँशुले पछ्यौरी', 'पैसै ठूलो छ', 'रेशमैको पछ्यौरी', 'दोभानमा बाढी आयो', लगायतका गीत लोकप्रिय छन् । हाल उनी अमेरिकाको न्यु ह्यमसायरमा बस्दै आएका छन् । रोशनले जापान, सिंगापुर, मलेसिया, दक्षिण कोरिया लगायत थुप्रै मुलुकमा पुगेर आफ्नो सांगीतिक प्रस्तुति पस्किसकेका छन् । एक समय चर्चाको शिखरमा पुगेका गायक रोशन गुरुङले चारवटा एकल एल्बम सार्वजनिक गरेका छन् भने उनको पछिल्लो एल्बम 'सम्बन्ध' हो । जहाँ रहेपनि नेपाली सांगीतिक क्षेत्रमा केही योगदान गर्नुपर्छ भन्ने सोचका गायक रोशन गुरुङले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**कस्तो चल्दैछ अमेरिकाको बसाई ?**

एकदम ठिकसँग चल्दैछ। धेरै कुरा सिकिरहेको छु र सिक्ने क्रममा छु।

**नेपाली गीतसंगीतका श्रोताले रोशन गुरुङलाई बिर्सेजस्तो लाग्दैन ?**

कहिले काहीँ लाग्छ, मलाई मेरो म्यासेन्जरमा धेरै जनाले सोध्ने प्रश्न नै यही हो। तर अमेरिकामा पनि म संगीत क्षेत्रसँग नजिक छु । सांगीतिक कार्यक्रमहरुमा नै व्यस्त हुन्छु।

**चौथो गीति संग्रह 'सम्बन्ध' पछि कुनै एल्बम बजारमा आएजस्तो लाग्दैन गीतसंगीतबाट टाढा हुनुभएको हो ?**

सांगीतिक क्षेत्रमा यतिका वर्ष बितिसकेको छ। यो क्षेत्रबाट टाढा हुने त कल्पना पनि गर्न सकिन्न। एल्बम चाहीँ आएको छैन । फुटकर गीतहरु भने आइरहेको छ ।

**एल्वमको सिआरविटी बिक्रीबाट हुने आम्दानी जेहेन्दार तथा गरिब विद्यार्थीको पढाईमा खर्चने बताउनु भएको थियो त्यो कुराले पूर्णता पायो त ?**

यो क्रम जारी छ । मेरो जन्मथलो इलाम भएकोले यहीँको स्थानीय अमर कल्याण माविमा आमाको नामबाट एउटा अक्षकोष खडा गरेको छ। गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई हरेक वर्ष पुरस्कार दिने गरेको छु। यो तेस्रो वर्ष हो। एक जना विद्यार्थीलाई आफ्नै खर्चमा पढाई पनि रहेको छु।

**एउटा उचाईमा पुगिसकेका गायक अमेरिका रहर हो कि बाध्यता ?**

रहर र बाध्यता दुबै हो । तर, नेपालको धेरै याद आउँछ। अब नेपालमै बस्ने सोच बनाएको छु।

**इलामको नयाँ बजारको तुलनामा अमेरिका अनुभव ?**

आकाश र जमिनको जति फरक छ त्यति नै फरक छ। तर, मलाई मेरो गाउँ नै प्यारो लाग्छ।

**स्टेज कार्यक्रममा पनि अति माग हुने गायक तपाईं, अमेरिकामा चाहीँ कत्तिको माग हुन्छ ?**

अमेरिकामा हुने अधिकांश कार्यक्रमहरुमा मेरो माग हुने गरेको भएपनि कतिपय कार्यक्रममा कार्य व्यस्तताका कारण चाहेर पनि सहभागी हुन सकिन्न।

**अब आफ्ना श्रोतामाझ पहिलेको झैं सम्बन्ध गाँस्ने कुनै सोच बनाउनु भएको छ ?**

सम्बन्ध टुटेको नै कहाँ छ र ? एउटा गायकको सम्बन्ध आमस्रोता माझ सदा रहिरन्छ।

**नेपाली गीतसंगीतको खस्कदो बजार कसरी उकास्न सकिएला ?**

अहिलेको सन्दर्भमा गीति एल्बम निकाल्नु भनेको दुस्साहस गर्नु बराबर हो। विगतमा जस्तो क्यासेट बिक्री गरेर पैसा कमाउँछु भन्ने त परको कुरा भयो, लगानी उठाउन पनि सम्भव छैन। तर पनि राम्रा चीजलाई जहिले पनि स्रोताहरुले स्वीकार्नु भएकै छ। हामीले स्रोता रुचीको गीतसंगीत बजारमा ल्याउन सक्यौं भने स्वतः उक्सिहाल्छ नि।

**ज्याक्सन हाइटमा सञ्चालन गर्नु भएको मालिङ्गो रेष्टुरेन्टमा के कस्ता परिकार पाइन्छ र कस्ता खाले ग्राहकहरु आउनु हन्छ ?**

अहिले त्यो रेष्टुरेन्ट हामीले बिक्री गरिसक्यौं। हामीले नेपाली गीतसंगीतको प्रचारलाई रेष्टुरेन्टबाट पनि धेरै सहयोग गर्‍यौं। सबै प्रकारको खाना पाउने त हुने नै भयो विशेषतः नेपालीहरु नै हाम्रा पाहुना हुने गर्थे।

**प्रवासी नेपालीको नेपाली गीतसंगीत प्रतिको सोच कस्तो पाउनु भयो ?**

अमेरिका पुगेपछि मलाई थाहा भयो कि नेपाली लोक संगीतको फ्यान कति छन् र यसको महत्व । नेपालीहरु संसारको जुनसुकै कुनामा पुगे पनि आफ्नो संस्कार र संस्कृतिलाई भुल्न सक्दैनन् । नेपाली भाषाका गीतसंगीत अति नै मन पराएको पाएको छु । हाम्रो मुटु भनेकै लोक संगीत रहेछ ।

**कोभिडको समयमा यहाँबाट नेपालीको लागि कुनै सहयोग गर्नुभयो कि ?**

धेरै गर्‍यौं । नेपालको सबै क्षेत्रमा रहनु भएका कोभिड पीडितको घरघरमा पुगेर सकेको सहयोग गर्‍यौ । विशेषतः आफ्नै जिल्ला इलाममा अलि बढी राहत बाँड्ने काम भयो ।

**नेपाल आउँदा कुनै सांगीतिक कोशेली लिएर आउने सोच बनाउनुभएको थियो कि ?**

सोच त थियो सम्भव भएन। अहिले नेपालमै गीत रेकर्डिङ गरिरहेको छु । जिल्ला तिरको प्रोगामले पनि अलि व्यस्त छु। हालै इलाममा सम्पन्न इलाम, फिक्ल महोत्सव २०७९ मा आफ्नो प्रस्तुति सकाएर काठमाडौं फर्के लगतै हिमालय टिभिबाट प्रशारण हुने ईन्द्रेणी कार्यक्रममा पनि सहभागी भएँ। छोटो समयको लागि नेपाल आएकोले विविध गतिविधिमा व्यस्त हुँदाहुँदै पनि यही महिनाभित्र एउटा भए पनि सांगीतिक कोशेली स्रोता माझ पुर्‍यउने सोचले काम भैरहेको छ।

# स्टार होइन कलाकार बन्न आएको हुँ : कर्मा



**काठमाडौं/मस–** अभिनेता कार्मले आफू सिनेमामा स्टार बन्न नभई कलाकार बन्न आएको बताएका छन् । रिलिजको संघारमा रहेको 'षट्कोण'को प्रचारका क्रममा उनले यही कारण मसला र नियमित बन्ने सिनेमाभन्दा फरक खालका फिल्ममा काम गर्न मनपर्ने बताए । यस्तै अभिनेता कार्मले आफ्नो नामको अर्थ स्टार अर्थात् तारा भएपनि म तारा बन्नको लागि सिनेमा क्षेत्रमा नआएको बताएका थिए ।

'स्टार भनेको चम्किरहने हो । मैले नाम त रोजें त्यो बेग्लै कुरा हो । मलाई कलाकारिता गर्नु छ विशुद्ध भुईंमा बसेर । स्टार बन्ने मेरो इच्छा छैन,'उनले भने ।

आगामी वैशाख २३ गतेबाट प्रदर्शनमा आउने सिनेमा 'षट्कोण'को बिहीबार राजधानीमा पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिएको थियो । सिनेमाको पहिलो पत्रकार भेटघाट कार्यक्रममा सिनेमाका मुख्य कलाकार कार्म, भोलाराज सापकोटा, लोकेन्द्र लेखक, निर्देशक मिलन डि काप्रि र निर्माता तथा अभिनेता विराज कडरिया उपस्थित भएका थिए ।

कार्यक्रममा बोल्दै निर्देशक मिलनले षट्कोण युवाहरुको टिमले बनाएको साइकोलोजिकल थ्रिलर सिनेमा रहेको बताए । हामी नेपालमा बन्ने अन्य सिनेमाभन्दा केही फरक बनाउने कोशिस गरेका छौं । मेरो सिनेमामा हिरो हिरोइनको फाइट र नाचगान छैन्, तर कथा सुहाउँदो गीत चाँही राखेको छु । त्यसैले हामीले नेपालमा केही फरक सिनेमा निर्माण गर्ने प्रयास गरेकाले सवैको साथको खाँचो रहेको उल्लेख गरे । क्लेमेन्टाइन प्रोडक्सन र ट्राभलर्स क्रिउ फिल्मस्को ब्यानरमा निर्माण भएको सिनेमा आगामी बैशाख २३ गतेबाट नेपाल भरका सिनेमा घरमा रिलिज हुनेछ । कोरोना महामारी अगाडी नै निर्माण भएको सिनेमाको सम्पुर्ण काम सकेर प्रदर्शनको पालो कुरेर बसेकाले अहिले समय उत्तम लागेकाले रिलिजको लागि तयार भएको निर्माण टिमको भनाइ छ ।

सिनेमामा कार्म र भोलाराज सापकोटाका अलवा लोकेन्द्र लेखक, सुयशा अधिकारी, विराज कडरिया, शिशिर लिम्बू वानेम, बाल कलाकार असिम लामाको अभिनय रहेको छ । शिशिर लिम्बू वानेमको कथा तथा पटकथा रहेको सिनेमाको संवाद महेश दवाडीले लेखेका हुन् । सिनेमामा आङ्छेन लामाको छायांकन, सागर खनाल र निर्देशक मिलन डि काप्रीले सम्पादन छ ।


## श्री पंचकृष्ण माध्यमिक विद्यालय
## सहिदभूमि गाउँपालिका–०४
पिप्ले, धनकुटा
१ नं प्रदेश, नेपाल

**ठेक्काको Contract Identification Number सच्याइएको सम्बन्धी अत्यन्त जरुरी सूचना**

**प्रकाशित मितिः २०७९/०१/११**

यस कार्यालयको मिति २०७८/१२/१८ गतेको राष्ट्रिय पत्रिका मध्यान्न दैनिकमा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी तपसिल अनुसारको सूचना ठेक्का Contract Identification Number फरक पर्न भएको हुँदा तपसिल अनुसार कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | विवरण | यस पूर्व गरिएको सुचनामा प्रकाशित भएको ठेक्का CI.Number | हाल कायम गरिएको सुचनामा प्रकाशित भएको ठेक्का CI.Number |
|---|---|---|---|---|
| १. | **02-SPSS/2ND/ PACKAGE/78/79** | **Construction work at shree panchakrishna secondary school( second package)** | **SPSS/2ND/ PACKAGE/78/79** | **02-SPSS/2ND/ PACKAGE/78/79** |

**प्रधानाध्यापक**



## Dungeshwor Rural Municipality
## Office of the Rural Municipal Executive
Dadaparajul, Dailekh

**Invitation for Bids**

**Date of publication: 2079/01/11**

1. ***Dungeshwor Rural Municipality*** invites bids (electronic bids) from eligible bidders for the construction works given in table under National Competitive Bidding procedures.

| S.N | Construction Identification Number/ Work Description | Estimated Amount without Provisional Sum, VAT and Contingencies(NRs) | Bid Security (NRs) | Bid Validity Period | Bid Document Fees(NRs) |
|---|---|---|---|---|---|
| 1 | DRM/W/NCB/ 06/078-79 **Re-tender of Construction works of Rakachana Water Supply System, Ward-03,04,05 & 06** | **41,81,280.26** | 1,20,000.00 | 90 Days from bid opening | 3000.00 |

2. Eligible Bidders may obtain further information at the office of ***Dungeshwor Rural Municipality, Office of the Rural Municipal Executive, Dadaparajul Dailekh,*** or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost of NRs 3000 of bidding document in the (GA-1.1 AANTARIK RAJASHWA KHATA)account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Sanima Bank Limited, Dungeshwor Branch, Dailekh.
   Name of Office: Dungeshwor Rural Municipality, Dadaparajul Dailekh.
   Office Account no: 060010040000004 (GA-1.1 AANTARIK RAJASHWA KHATA)
   Office Account no: 060010020000005 (GA-3 STHANIYA TAHA DHARAUTI KHATA)
   Office Code No: 66-365-13
4. Pre-bid meeting shall be held at Dungeshwor Rural Municipality, Dadaparajul Dailekh at 1.00 PM 2079/01/26.
5. Electronic bids must be submitted to Dungeshwor Rural Municipality Dadaparajul Dailekh through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 Noon on 2079/02/10. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm, 2079/02/10 at the office of Dungeshwor Rural Municipality, Dadaparajul Dailekh. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security in (GA-3 STHANIYA TAHA DHARAUTI KHATA) account as specified above or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

# मुकेश र सन्तोषी पहिलो




**काठमाडौं/मस–** मुकेशबहादुर पाल र सन्तोषी श्रेष्ठ तेश्रो मदन भण्डारी स्मृति ५ किमि रोड रेसको खुलातर्फ शनिबार पहिलो भएका छन् । पुरुषमा मुकेशले निर्धारित दूरी १५ मिनेट २९.०६ सेकेन्डमा पूरा गरे । गजेन्द्र राई (१५ मिनेट ४०.४० सेकेन्ड) दोश्रो तथा श्रीकास राई (१५ मिनेट ४३.०९ सेकेन्ड) तेश्रो भए । १३ औं दक्षिण एसियाली खेलकुद (साग) की स्वर्ण विजेता सन्तोषीले निर्धारित दूरी तय गर्न १८ मिनेट १३.५९ सेकेन्ड समय खर्चिन् । १३ औं सागकी रजत विजेता पुष्पा भण्डारी (१८ मिनेट ४२.४५ सेकेन्ड) ले रजत तथा निर्मला केसी (१९ मिनेट ४४.४३ सेकेन्ड) ले कांस्य जिते । खुलामा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २५ हजार, १२ हजार र ८ हजार नगद पुरस्कार प्राप्त गरे ।

रन क्लब नेपाल र नेपाल खेलकुद महासंघद्वारा संयुक्त आयोजित प्रतियोगिताको स्कुलतर्फ छात्रमा विश्वराम कुँवर पहिलो भए । उनको टाइमिङ १७ मिनेट ०९.०७ सेकेन्ड रह्यो । ईश्वरचन्द्र बस्नेत (१७ मिनेट २३.१६ सेकेन्ड) दोश्रो तथा विकेश घिमिरे (१७ मिनेट २८.०८ सेकेन्ड तेश्रो बने । छात्रामा निर्धारित लक्ष्य २० मिनेट ३५ सेकेन्डमा पूरा गर्दै सरस्वती बोहरा शीर्ष स्थानमा रहिन् । सोनु घतानी (२१ मिनेट ५६.३० सेकेन्ड) दोश्रो तथा अन्जु खड्का (२२ मिनेट ५८ सेकेन्ड) तेश्रो भए । छात्र/छात्रामा पहिलो हुनेले १० हजार, दोश्रोले ५ हजार र तेश्रोले ३ हजार नगद पुरस्कार पाए ।

दौड ठमेलस्थित छायाँ सेन्टरबाट सुरु भइ पुनः त्यही आएर टुंगिएको थियो । दौडमा २ सय ५० प्रतिस्पर्धी सहभागी भएको आयोजकले जनाएको छ ।

विजेतालाई पूर्व मन्त्री भानुभक्त ढकाल, नेपाल खेलकुद महासंघका संयोजक पर्शुराम बस्नेत, रन क्लबका अध्यक्ष सन्तोष श्रेष्ठलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे । सो अवसरमा पूर्व धावक ओलम्पियन मुकुन्दहरि श्रेष्ठ र करातेका ओमकृष्ण प्रसाईंलाई प्रशंसा पत्रसहित सम्मान गरिएको थियो ।

# थापाद्वारा पदभार ग्रहण



**भक्तपुर/मस–** भक्तपुर जिल्ला खेलकुद विकास समितिका नवनियुक्त अध्यक्ष दीपक थापाले पदभार ग्रहण गरेका छन् । शुक्रबार भक्तपुरस्थित कार्यालयमा उनलाई कार्यालय प्रमुख दुर्गा प्रसाद दुलालले स्वागत गरेका थिए । बागमती प्रदेश खेलकुद विकास परिषदले थापालाई केही दिन अगाडि अध्यक्षमा नियुक्त गरेको थियो । पदभार ग्रहण गर्दै अध्यक्ष थापाले भक्तपुरको खेलकुद विकासका लागि सबैको साथ सहयोगको खाँचो रहेको बताए । 'मेरो कार्यकालमा खेल र खेलाडीको विकासको सक्दो प्रयास गर्नेछु अध्यक्ष थापाले भने । लामो समयदेखि खेलकुदमा संलग्न रहेर खेलकुदलाई नजिकबाट बुझेका थापाले भक्तपुरको समग्र खेलाडी र खेललाई नयाँ दिशा तर्फ लाने र राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा योगदान पुऱ्याउने विश्वास लिइएको छ ।

## Rapti Municipality
### Office of Municipal Executive
**Bhandara, Chitwan**
**Bagmati Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2079 -01-11 (24th April 2022)**

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites online bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under Sealed Quotation – Single Stage Single Envelope Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Contract ID | Works Descriptions | Bid Document Fee Details | Estimated amount (Without VAT and PS) NRs | Bid Validity | Bid Security Amount and Validity | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1. | 005/Works/ SQ/RM/ 078/079 | Blacktopped Roads at Mudhabhar Rapti Municipality-6 | NRs.: 1000<br>Bank:NIC Asia Bank, Khairahani Parsa Branch, Chitwan.<br>Office Account no.<br>(For Purchase Bidding Document): 0982050029409002 | 12,96,480.39 | 45 Days | NRs. 40000.00 (30 days beyond bid validity i.e. 75 days.) | 2079 Baishakh 26 (09th May 2022), 12:00 hours |

**Chief Administrative Officer**

**Province Government**
**Ministry of Health**
**Province-1**

## Inaruwa Hospital, Sunsari
**Sunsari**

### Tender Notice

**First Date Of Publication :- 2022-04-24 (2079-1-11)**

1. The **Inaruwa Hospital, sunsari** invites electronic bids from eligible bidders for the procurement of **Procurement of Automatic Hospital Laundry Washing Machine With Dryer and Procurement of Pre Vacuum Autoclave** under **Sealed Quotation** procedures specified in public procurement act and regulation.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the **Province Health Logistics Management Center Biratnagar Tel: 025-565134, Email: districthospitalsunsari756@gmail.com , Website:Inaruwahospital.gov.np** or You can also visit **www.bolpatra.gov.np/egp**
3. Interested bidders shall register in the **e-GP system** and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| **Name of Bank :-** | Rastriya Banijya Bank, Inaruwa |
| **Name of the Office :-** | Inaruwa Hospital,sunsari |
| **Office Code No :-** | 3500414021 |
| **Office Account No :-** | 1000100201010001 |
| **Revenue Head No :-** | 14229 |

4. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp** to the above office of **Inaruwa Hospital,sunsari,sunsari,** on or before **12:00 (Noon)** on **2022-05-09(2079-1-26)** Bids shall be opened in the presence of Bidders representatives who choose to attend on **2.00 PM** on **2022-05-09(2079-1-26 )** at office of **Inaruwa Hospital,sunsari,sunsari.**
5. Matters not covered by this notice shall be in accordance with **Public Procurement Act-2063. Public Procurement Regulations-2064** and their amendments.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

**Details**

| S.N. | Contract Identification No | Description of Items | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Bid Security Date |
|---|---|---|---|---|---|---|---|
| 1. | IH/G/SQ-1/2078/2079 | Procurement of Automatic Hospital Laundry Washing Machine With Dryer | 1,000.00 | 2220100202030000 | 45,000.00 | 45 Days | 2022-07-23 |
| 2. | IH/G/SQ-2/2078/2079 | Procurement of Pre Vacuum Autoclave | 1,000.00 | 2220100202030000 | 60,000.00 | 45 Days | 2022-07-23 |

**Dr. Dev Raj Ghimire**
**Inaruwa Hospital, Sunsari**

## जुपिटर बचत तथा ऋण सहकारी संस्था लि.
**पेप्सीकोला, काठमाडौं**


### कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०७९।०१।११**

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित सदस्यले तपशिलमा उल्लेखित सम्पत्ति धितो जमानत राखी लिनुभएको कर्जाको सावाँ, व्याज तथा हर्जना रकम समेत यस सहकारीमा दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्तको उल्लंघन गर्नुभएको र सो कर्जा चुक्ता गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत यस सहकारीमा सम्पर्क गर्न नआई बक्यौता कर्जा रकम भुक्तानी गर्नेतर्फ बेवास्ता गरी बसेको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस सहकारीमा सम्पर्क राखी सहकारीमा तिर्न बुझाउन पर्ने ऋण कर्जाको सावाँ, व्याज, हर्जना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन सम्बन्धित ऋणी तथा जमानतकर्तालाई समेत यसै सूचनाद्धारा सुचित गरिएको छ । सो बमोजिम चुक्ता भुक्तानी नगरेमा सहकारी ऐन २०७४, सहकारी ऐन २०७५ एवं प्रचलित कानुन बमोजिम धितो लिलाम विक्री गरी यस सहकारी संस्थाको लेना वक्यौता रकम असुलउपर गर्ने तर्फ कारवाही अगाडि बढाउने र सो धितोबाट सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथाबाट समेत असुल उपर गरिने व्यहोरा समेत सुचित गरिन्छ ।

**तपशिलः**

**१. ऋणीको विवरण**



**नामः** दिनेश प्रसाद भारती
**जमानीकर्ताः** एकाघरको बाबु भोला प्रसाद भारती
**बाबुको नामः** भोला प्रसाद भारती
**बाजेको नामः** विष्णु प्रसाद भारती
**ठेगानाः** भक्तपुर जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं ३ परिवर्तित सुर्यविनायक वडा नं ७
**ना.प्र.नं:** २७१६८
**मितिः** २०५७/०२/३०
**जिल्लाः** जि.प्र.का. भक्तपुर
**धितो सुरक्षण विवरणः** मालपोत कार्यालय भक्तपुरमा ऋणी श्री दिनेश प्रसाद भारतीको नाममा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला चित्तापोल गा.वि.स. वडा नं ८, कित्ता नं ५२७ र क्षेत्रफल २५४.३२ व.मि को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**२. ऋणीको विवरण**



**नामः** सुन्तली ढकाल
**जमानीकर्ताः** एकाघरको पति खिल प्रसाद ढकाल
**बाबुको नामः** देव प्रसाद घिमिरे
**जमानीकर्ताः** एकाघरको छोरा विनोद ढकाल
**पतिको नामः** खिल प्रसाद ढकाल
**ससुराको नामः** खडानन्द ढकाल
**ठेगानाः** काठमाडौं जिल्ला, नाङ्गलेभारे गा.वि.स. वडा नं २ परिवर्तित शंखरापुर वडा नं ५
**ना.प्र.नं:** २७/९७२/६३६६
**मितिः** २०४६/०१/२९
**जिल्लाः** जि.प्र.का. काठमाडौं
**धितो सुरक्षण विवरणः** मालपोत कार्यालय साँखुमा ऋणी श्री सुन्तली ढकालको नाममा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं ५, कित्ता नं ३०० र क्षेत्रफल ९५.४० व.मि को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

## कुवेतमा रोजगारको अवसर
कम्पनी: **AL-SAHOO GEN. TRAD. AND CONT. GROUP CO.**
शहर: **KUWAIT**

पूर्व स्वीकृत मितिः २०७९/०१/१० चलानी नं.: ६०१७८३६२ L.T. No.: 262059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminum Spray Painter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५१,७७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Central Ac Technician | 1 | 0 | | 140 | ५५,७५६ | | | | | | | |
| 3. | Electrician | 2 | 0 | | 125 | ४९,७८२ | | | | | | | |
| 4. | Finishing Carpenter | 1 | 0 | | 130 | ५१,७७३ | | | | | | | |
| 5. | Laborer | 10 | 0 | | 85 | ३३,८५२ | | | | | | | |
| 6. | Plumber | 2 | 0 | | 125 | ४९,७८२ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ बैशाख १८ गते (1 May 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DHR
Gov. lic. No. 789/065/66

**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890
Mobile No: 9869691330, 9810380130, 9808117170, 9806950385
Email: destinykuwait3@gmail.com

## कुवेतमा रोजगारको अवसर
कम्पनी: **ADVANCED INDUSTRIAL MANUFACTURING**
शहर: **AL-JAHRA**

पूर्व स्वीकृत मिति : २०७९/०१/१० चलानी नं. : ६०१७८३६१ L.T. No.:262064

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenters | 5 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ४९,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Foreman | 3 | 0 | | 250 | ९९,५६५ | | | | | | | |
| 3. | Helpers (Indoor) | 10 | 0 | | 100 | ३९,८२६ | | | | | | | |
| 4. | Industrial Electricians | 4 | 0 | | 170 | ६७,७०४ | | | | | | | |
| 5. | Injection Molding Operator | 1 | 0 | | 180 | ७१,६८६ | | | | | | | |
| 6. | Maintenance Technician | 4 | 0 | | 200 | ७९,६५२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ बैशाख १८ गते (1 May 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८६२/०६६/०६७

**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४५६१०१०, फ्याक्स: ४४८०७४५
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com

गो.हु.का.द.नं. ३३/०६९/०७०

११ वैशाख २०७९, आइतबार
24 April 2022, Sunday

# क्यान इन्फोटेक मेला प्रदर्शनीमा रूपान्तरण भएको छ



सुचना तथा प्रविधिसँग सम्बन्धित सामग्री तथा सेवाहरुको प्रवर्द्धन तथा व्यापार गर्ने उद्देश्यले आयोजना गरिने क्यान इन्फोटेक मेला अहिले काठमाडौंको भृकुटीमण्डमपमा वैशाख ७ गतेदेखि चलिरहेको छ । सन् १९९५ देखि सुरु भएको क्यान इन्फोटेक मेलाको यो २७ औं संस्करण हो । नेपालमा चल्ने धेरै प्रकारका मेलाहरु मध्ये क्यान इन्फोटेक मेला सुचना तथा प्रविधिसँग सम्बन्धित मेला हो । २७ औं संस्करणको रुपमा चलिरहेको क्यान इन्फोटेक मेलाको विशेषता के रहेको छ ? सो मेलाका भिजिटरले के नयाँ कुरा प्राप्त गर्न वा सिक्न सक्छन् ? प्रस्तुत छ, यिनै विषयहरुमा सम्बन्धित रहेर **मध्यान्ह राष्ट्रिय दैनिक**का संवाददाता **नारायण अर्याल**ले मेलाको आयोजक संस्था कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान महासंघ) का अध्यक्ष **नवराज कुँवर**सँग गरेको कुराकानीको सम्पादित अंश :

**क्यान इन्फोटेकको मेला चलिरहेको छ । क्यान मेलाको इतिहासदेखि २७औं मेलासम्मको विषयलाई कसरी समिक्षा गर्नुभएको छ ?**

सन् १९९२ मा क्यानको स्थापना भयो । तत्कालिन सन्दर्भमा सुचना प्रविधि बुझेका व्यक्ति र व्यवसायीहरु मिलेर यसको स्थापना गर्नुभएको थियो । स्थापनाको ३ वर्षपछि आइटीसँग सम्बन्धित सामग्रीहरु राखेर पर्दशनी प्रारम्भ गरिएको थियो । इतिहास हेर्दा नेपालमा अहिले हुने गरेका जतिपनि मेला तथा महोत्सवहरु छन् तिनीहरुको सुरुवात सोही समयबाट भएको देखिन्छ । तत्कालिन समयमा ३५ वटा स्टल राखेर क्यानले मेलाको सुरुवात गरेको थियो । त्यो सुरुवातको मेलासँगै त्यसलाई वार्षिक रुपमा सूचना प्रविधिको मेलाको रुपमा निरन्तरता दिनुपर्दछ भन्ने धारणासँगै हरेक वर्ष मेला आयोजना गर्ने निर्णय क्यानले गर्‍यो । अहिले हामी २७ औं इन्फोटेक मेलामा आइपुगेका छौं ।

२६ औं इन्फोटेकसम्म आइपुग्दा विगतका मेलामा आउने ग्राहकको अनुपातमा संख्या घट्न पुगेको देखिन्छ । घट्नुको कारण के थियो भने सुरुको अवस्थामा आम मानिसमा मोबाइल फोन र इन्टरनेटको पहुँच थिएन् । सूचना प्रविधिको विषयमा बुझ्न परेको अवस्थामा क्यान इन्फोटेक एउटा सबैको लागि सजिलो प्लेटफर्म थियो । जसले गर्दाखेरी काठमाडौं भन्दा बाहिरका मानिसहरु पनि बस चढेर मेलामा आउने गर्दथे । पछिल्लो समयमा आम मानिसको पहुँचमा मोबाइल फोन र इन्टरनेटको पहुँचको विकास भइसकेपछि भने विकसित सूचना प्रविधिको विषयमा घरमै बसेर पनि जान्न बुझ्न सकिने अवस्था बनेको छ । मेलाको सुरुवातका धेरै वर्षसम्म हामीले मेलालाई सामग्री बेच्ने अवसरको रुपमा लिने गरेका थियौं तर पछिल्ला वर्षहरुमा भने यसलाई पदर्शनीको रुपमा विकास गर्दै ल्याएका छौं । त्यस्तै मेलामा पनि जसले सूचना प्रविधिलाई बुझेको छ उ मात्रै आउन थाल्यो । विगतमा कोरोना महामारीको कारणले २ पटकसम्म स्थगित गरेको मेलालाई अहिले आयोजना गरेका छौं । मौसम र अन्य अवस्थाको हिसाबले पनि यतिबेला मेलाको आयोजना गर्ने धेरै राम्रो समय त होइन तर निरन्तरता दिनुपर्छ भन्ने उद्देश्यले हामीले यसलाई आयोजना गरेका छौं ।

उद्घाटनको दिनमा उल्लेख्य संख्यामा भिजिटर आएका थिए र मेला चल्दै गर्दा भिजिटर आउने क्रम पनि बढेको छ । कोभिड महामारीको बेलामा धेरै मानिसहरुले घरमै बसेर सूचना प्रविधिको विषयमा जानकारी लिए र ति मानिसहरु मेला भिजिट गर्न आइपुग्छन्, जसले गर्दा २६औं भन्दा २७औं मेलामा थप भिजिटर आउने हामीले अपेक्षा गरेका छौं ।



> मेलाको सुरुवातका धेरै वर्षसम्म हामीले मेलालाई सामग्री बेच्ने अवसरको रुपमा लिने गरेका थियौं तर पछिल्ला वर्षहरुमा भने यसलाई पदर्शनीको रुपमा विकास गर्दै ल्याएका छौं ।

**विगतमा तपाईंले आयोजना गर्दै आउनुभएको मेलाहरुको तुलनामा अहिलेको मेलामा के-कस्तो फरक आकर्षण थप्नुभएको छ ?**

पहिलेका मेलाहरुमा धेरै मानिसहरु सामग्री खरिद गर्न भनेर आउने गर्दथे । त्यसकारण त्यतिबेला रिप्लेसमेन्ट तथा खरिदमा छुटका अफरहरु राखिएको हुन्थ्यो । अहिले अलिकति फरक के छ भने हामीले एउटै मात्रै नभएर धेरै क्षेत्रलाई समेटेका छौं । पछिल्लो समयमा नेपालमा धेरै सफ्वेयरका उद्योगहरु सञ्चालनमा आएका छन् । अहिलेको मेलामा ति सफ्टवेयर कम्पनीहरुको स्टलको संख्या धेरै रहेको छ । त्यस्तै नेपालमा सूचना प्रविधिको क्षेत्रमा पढाइ गर्ने कलेजहरु छन् । कुन-कुन कलेज वा युनिभर्सिटीले सूचना प्रविधिको क्षेत्रमा के-कस्तो पढाई सञ्चालन गरेका छन् भन्ने सन्दर्भमा पनि छुट्टै स्टलको व्यवस्था गरेका छौं । कतिपय विद्यार्थीहरुले तथा कम्पनीहरुले इन्फरमेसनको क्षेत्रमा नयाँ स्टार्टअप पनि गरेका छन्, ति नयाँ स्टार्टअप कस्ता छन भन्ने विषयमा पनि हामीले स्टलको व्यवस्था गरेका छौं । अहिले मुलुकले डिजिटल इकोनोमीको कुरालाई प्राथमिकताका साथ अगाडि बढाइरहेको छ, सो सन्दर्भमा डिजिटल बैंकिङको विषयवस्तुसँग जोडेर केही बैंकहरुले स्टल राखेका छन् । पहिलेका मेलाहरुमा तपाईंहरुले हार्डवेयर मात्रै देख्नुहुन्थ्यो भने अहिले धेरै क्षेत्रसँग सम्बन्धित विषहरुलाई देख्न सक्नुहुन्छ । अहिले १७० वटा विभिन्न स्टलहरु हामीले राखेका छौं ।

**यसपटकको मेलामा नेपाली उत्पादनको पनि उपस्थिति राम्रो रहेको छ ?**

नेपालमा सूचना प्रविधि भनेको मुख्यतः आयातित वस्तु हो । कमर्सियल रुपमा हेर्दा हार्डवेयरमा नेपाली उत्पादन केहीपनि छैन् । हार्डवेयरमा नहुँदा नहुँदैपनि सफ्वेरको क्षेत्रमा भने धेरै राम्रा नेपाली उत्पादन रहेका छन् । सफ्टवेयर विकास क्षेत्रमा नेपालले धेरै प्रगति गरेको छ । तर बिडम्बना नेपालको सफ्टवेरलाई धेरै विश्वास नगरिरहेको अवस्था छ । सरकारले समेत आफ्नो कामकाजमा प्रयोग हुने सफ्टवेयरहरु करोडौं रुपैयाँ खर्च गरेर बाहिरबाट खरिद गरिरहेको अवस्था छ । ति बाहिरबाट किनेर ल्याएको सफ्टवेयरपनि नेपालीले नै बनाएको हो । हामीले सरकार र व्यवसायिक क्षेत्रका व्यक्तिहरुलाई नेपालको सफ्टवेयरको विषयमा जानकारी दिनका लागि प्लेटफर्म दिएर राखेका छौं । उदाहरणको रुपमा भन्दा एकाउन्ट, मेम्बरबेस, इकमर्स र अनलाइनबाट पढाउन सकिने जस्ता धेरै सफट्वेयरहरुको स्टल यहाँ रहेका छन् ।

**यो मेलामा कति बराबरको आर्थिक कारोबार हुने अपेक्षा आयोजकले गरेको छ ?**

यसपटकको मेलामा हामीले आर्थिक कारोबारको अपेक्षा गरेका छैनौ । किनभने हामीले मेलालाई पदर्शनीमा रुपान्तरण गरिसक्यौं । केही भिजिटरले यहिँ खरिद गर्लान् तर धेरै भिजिटरले यहाँ बुझेर बजारमा गएर खरिद गर्छन् । यसपटकको प्रवेश शुल्कमा पनि हामीले नयाँ प्रकारको व्यवस्था गरेका छौं । विगतमा दिनमा हामीले १५० को टिकट काट्ने गर्दथ्यौं भने यसपटक जम्मा १ रुपैयाँ राखेका छौं । जुन शुल्क पनि नगदमा नभएर डिजिटल रुपमा लिने व्यवस्था गरेका छौं । त्यसरी संकलन भएको रकमलाई पनि हामीले सामाजिक कार्यमा लगाउने छौं ।

**तपाईंको अनुभवमा अहिलेको विश्वमा विकास भएका सूचना प्रविधिको क्षेत्रमा हामी नेपालीको पहुँच कुन स्तरमा पुगेको छ ?**

विश्वमा विकसित सूचना प्रविधिको पहुँचमा हाम्रो स्तर धेरै तल रहेको छ । किनभने सूचना प्रविधिलाई प्रयोग गरेर त्यसकै भरमा त अहिलेसम्म त हामीले खास केही पनि गरेका छैनौ । मात्रै त्यसलाई हामीले सहायकको रुपमा लिएका छौं । अहिलेको सन्दर्भमा सूचना प्रविधि हाम्रो प्रमुख विषय बनिसक्नुपर्दथ्यो । बैंक, यातायात, पसल, सरकारी कार्यालय, आदि हरेक क्षेत्रमा क्यासलेस वा पेपरलेस हुन सकेको छैन् । तर केही अभ्यास मात्रै प्रारम्भ भएको छ । यसलाई पुर्ण रुपमा अगाडि बढाउनुपर्दछ । यसलाई पुर्ण रुपमा कार्यान्वयन गर्नको लागि सरकारले नै पहल गर्ने हो । हामीजस्ता संस्थाले यसमा सचेतनाको काम मात्रै गर्ने हो । साथै बिजनेसको कोणबाट प्रचार गर्ने हो ।

> सरकारले आइटीपार्कको विषय अगाडि बढाएको छ । तर कार्यान्वयनको प्रकृया अगाडि बढ्न सकेको छैन् । नेपालको नियम नीति नराम्रो छैन् तर, कार्यान्वयन फितलो छ ।

**तपाईंहरुले क्यान इन्फोटेक मेलालाई २७औं संस्करणसम्म ल्याइपुर्‍याउनुभयो । हालसम्मका मेलाले आम ग्राहक र विभिन्न नेपाली क्षेत्रको आवश्यकता र चाहनालाई सम्बोधन गर्न सफल भएको छ की थप परिमार्जनको आवश्यकता देख्नुभएको छ ?**

सबै कुरा एकैपटक नहुँदो रहेछ । हामीले प्रत्येक संस्करणमा परिमार्जन चाहिँ गर्दै गएका छौं । यदि कुनै भिजिटरले ५ वटा मेलादेखि निरन्तर भिजिट गरेको छ भने पक्कै पनि उसले मेलामा ठुलो परिमार्जनको अनुभुति गरेको छ । हामीले मेलालाई बिकेन्द्रिकरण पनि गरेका छौं । गएको वर्षमा हामीले ७ वटै प्रदेशमा मेलाको आयोजना गर्‍यौं । हामीले पदर्शन र सहभागिता दुबै कोणबाट नयाँ-नयाँ अभ्यास गर्दै आएका छौं ।

**के क्यान इन्फोटेक मेलामा सरकारले पनि सहयोग वा सहभागिता जनाउने गरेको छ ?**

सरकारको सपोर्ट चाहिँ छ । जति सहयोग र सहभागिता हुनुपर्ने हो त्यो स्तरमा छैन् । सरकारले हरेक क्षेत्रमा विकासको विषयलाई अगाडि सारेको छ । तर सूचना प्रविधि बिना विकास सम्भव हुँदैन् । पहिलो सर्त भनेको प्रविधिमा लगानी गर्नुपर्दछ । सो क्षेत्रमा लगानीको लागि आकर्षण गर्नुपर्दछ । हार्डवेयरको क्षेत्रमा कम्तिमा एसेम्बल हुनसक्छ । सरकारले आइटीपार्कको विषय अगाडि बढाएको छ । तर कार्यान्वयनको प्रकृया अगाडि बढ्न सकेको छैन् । नेपालको नियम नीति नराम्रो छैन् तर कार्यान्वयन फितलो छ ।

# नौ महिनामा नेपालीले सेवन गरे १८ लाख किलो सुर्ती



**काठमाडौं/रासस** - नेपालमा वार्षिक २७ हजार जनाले सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने रोगका कारण अकालमा ज्यान गुमाइरहेका छन् । यो तथ्यांक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हो । यसैगरी विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा वार्षिक ८० लाखभन्दा बढी मानिसको ज्यान सुर्तीजन्य पदार्थको सेवनका कारण जाने गरेको छ । भन्सार विभागको विवरणानुसार गत चैत मसान्तसम्म नेपालीले १८ लाख सात हजार ८७१ केजी बराबरको सुर्ती तथा सुर्तीजन्य पदार्थ खपत गरेको पाइएको छ । त्यो पनि देशभित्र उत्पादित सुर्ती तथा सुर्तीजन्य सामग्री होइन । विदेशबाट आयात गरेर गरिएको सेवनका कारण दुईवटा नोक्सानी एकैपटक भइरहेको छ । असाध्यै दुःख गरेर जम्मा गरिएको विदेशी मुद्रा सुर्ती खरिदका लागि विदेशिएको छ भने हरेक दिन नेपाली अस्वस्थ भएका छन् । क्यान्सरजन्य रोगको शिकार भएका छन् ।

सरकारकै एक निकायले उपलब्ध गराएको एक विवरणानुसार चालु आवको नौ महिनाको अवधिमा ठूलो मात्रामा सुर्ती तथा सुर्तीजन्य पदार्थको आयात भएको पाइएको छ । स्वास्थ्य क्षेत्रमा जनचेतना बढेको, सरकारले नागरिकलाई सचेत गराएको भन्नेजस्ता विवरण सार्वजनिक भएको भए पनि सुर्ती तथा सुर्तीजन्य पदार्थको आयातमा कमी आउन सकेको छैन । विभागको विवरणानुसार आयात मूल्यका आधारमा ५५ करोड ३४ लाख ७४ हजार बराबरको सुर्ती, सुर्तीजन्य सामग्रीको आयात गरेको देखिन्छ । सरकारको राजस्वमा योगदान हुने देखिए पनि मानव स्वास्थ्यमा असाध्यै ठूलो प्रतिकूल प्रभाव पार्ने सुर्तीजन्य सामग्रीमा झण्डै आधा अर्ब बराबरको आयात हुनुले अवस्था गम्भीर बन्दै गएको देखाउँछ ।

भन्सार विभागका अनुसार दुई हजार १६० किलो जर्दा, चपाउने सुर्ती तथा सुर्ती मिसिएका सामग्री आयात भएको छ । त्यस्तै प्याकिङ गरिएको सुर्ती ८५३ किलो, चुरोट तथा बिडी २३ हजार ३२ किलो, वाटर पाइप टोबाको १८४ किलो, काटिएको सुर्ती १६ लाख ६५ हजार ४९५ केजी, हुक्का फ्लेवर ९१ हजार ६६२ किलो र अन्य सुर्ती २७ हजार ५२८ किलो आयात भएको छ । यस्तै चुरोट (फिल्टर नभएको) १० लाख (एसटिके), चुरोट फिल्टर (७५ एमएम) ८२ लाख, चुरोट फिल्टर (८५ एमएम) १६ लाख ८० हजार (एसटिके) बराबर आयात भएको छ । सरकारले सुर्ती तथा सुर्तीजन्य पदार्थबाट एक अर्ब २६ करोड ४७ लाख ४७ हजार बराबरको राजस्व संकलन गरेको छ । इलेक्ट्रिक सिगरेटमात्रै दुई लाख ९५ हजार ५५२ वटा आयात भएको छ । त्यसको लागत शुल्क एक करोड ३३ लाख २९ हजार बराबर छ । सरकारले राजस्वबाट ८३ लाख संकलन गरेको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं ।
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**